# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको प्राचिनकालिन शिक्षामा कुनै औपचारिक रुपरेखा थिएन । समाज विभिन्न सामाजिक रीति, परम्परा र मुल्य मान्यताका आधारमा संचालित थियो । त्यसबेलाको शिक्षाको पहिलो पाईला घर नै थियो । आमाले छोरीलाई र बाबुले छोरालाई पारिवारिक र सामाजिक ब्यबहार, चालचलन तथा रीतिरिवाज हस्तान्तरण गर्ने प्रचलन थियो । खास गरी नेपालमा शिक्षा प्रणालीको विकास गुरुकुल शिक्षा प्रणालीबाट विकास हुदै आएको पाइन्छ । गुरु पुरोहित नै शिक्षा दिने तथा समाजका पथप्रदर्शक हुन्थ्यो । कुनै निश्चित किसिमको नीति नियमहरु, पाठयक्रम, शिक्षण विधि पनि थिएनन् जे गुरुले गरायो वा भन्यो त्यही कुरा विद्यार्थीले अनिवार्य रुपमा गर्नु पर्दथ्यो (पौडेल, 2058) । विद्यार्थीले कडा अनुशासनमा रही हिन्दु तथा बौद्ध धर्म ग्रन्थहरु क्ण्ठस्त पारेको आधारमा विद्यार्थीको मुल्याङ्कन गरिन्थ्यो र कण्ठस्त नगर्ने, आज्ञापालन नगर्ने विद्यार्थीलाई कडा भन्दा कडा सजाय हुन्थ्यो । शिक्षक बिरुद्ध बोल्ने, निति नियम पालना नगर्ने विद्यार्थीलाई छुट थिएन ।

प्राचिनकाल पछि बौद्धिक तथा बौद्ध शिक्षा प्रणालीको शुरुवात भएको पाइन्छ । बौद्धिक शिक्षामा गुरुकुल, ऋषिकुल, देवकुल तथा पितृकुल प्रणालीद्वारा शिक्षा प्रदान गरिन्थ्यो । त्यसबेला मातृदेवो भवः, गुरुदेवो भवः जस्ता निर्देशकको पालना गरी विद्यार्थीले शिक्षा ग्रहण गर्दथे । विद्यार्थीले गुरुको आज्ञा पालना गरी हिंसा, रिस, असत्य त्यागी र पवित्र भई यज्ञ तथा तपस्या सहित ज्ञान आर्जन गर्नुपर्ने चलन थियो । यी आज्ञा नीतिनियम पालना नगर्नेहरु गुरुबाट बहिस्कृत हुन्थे । त्यसैगरी बौद्ध शिक्षा प्रणालीमा पनि शिक्षाका लागी परिवार त्यागी विहारमा बौद्ध धर्म ग्रन्थको अध्ययन तथा बुद्धका उपदेशहरुलाई कडा नीति नियमको आधारमा व्यवहारमा लागु गर्नु पर्ने व्यवस्था थियो र सो पालना नगर्नेहरु शिक्षाबाट बन्चित हुन्थे (शर्मा 2059) । यसरी हेर्दा त्यती बेलाका

शिक्षा प्रणालीहरु विद्यार्थीको रुची चाहना बमोजिम नभई विद्यार्थीलाई कैदी, शिक्षकलाई जेलर र विद्या आर्जन गर्ने ठाउँलाई कैदी खानाको रुपमा उभ्याएको पाइन्छ ।

नेपालको शिक्षा इतिहासमा प्रचलनमा आएका लिच्छबिकाल, मल्लकाल तथा बाइसी चौबिसे राज्यमा भएका शिक्षा व्यबस्थाहरु पनि परम्परागत रुपमै वा गुरु केन्द्रित शिक्षा प्रणालीमा संचालन भएका थिए । खास गरी वि.स. १९१० मा जंग बहादुर राणाले खोलेको विद्यालयबाट औपचारिक शिक्षाको सुरुवात भए पनि पढाउने विधि भने परम्परागत रुपकै रहेको थियो । २००७ सालमा प्रजातन्त्रको स्थापना पश्चात धमाधम विद्यालयहरु संचालनमा आए । शिक्षा सम्बन्धी विभिन्न समिति तथा आयोगहरु गठन भए राष्ट्रिय शिक्षा योजना आयोग २०११, सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति २०१८, राष्ट्रिय शिक्षा परिषद २०२४ ले आफ्नो प्रतिवेदनमा शिक्षा प्रणालीमा प्रजातान्त्रिकरणको कुरा उल्लेख गरे पनि सो व्यबहारिक रुपमा लागु हुन सकेको पाईदैन । विद्यालयमा पढाउने शैली परम्परागत रुपमै रहेको देखिन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागु भइ सकेपछि शिक्षण सिकाई क्रियाकलापलाई दण्डमुखि भन्दा पुरस्कारमुखि तथा प्रजातान्त्रिक बनाउने प्रयासको थालनी भएको भए पनि त्यसको प्रयाप्त स्रोत साधनको कमी तथा शिक्षकहरुको पुरानै आदत र व्यबहारका लागी शिक्षण निरंकुश शैली मै रहेको थियो । सिकाईमा बालमनोविज्ञान बुझी बालमैत्री वातावरणको सृजना गर्नु पर्ने तथा बालबालिकालाई प्रजातान्त्रिक प्रणालीमा शिक्षण गर्नु पर्दछ भन्ने धारणाको विकास भने राष्ट्रिय शिक्षा आयोग २०४९ पछि मात्र भएको पाइन्छ (पौडेल, २०५८) । यसरी समग्रमा भन्नु पर्दा नेपालको शिक्षाको इतिहास हेर्दा सिकाई तथा पठनपाठन क्रियाकलाप शिक्षक केन्द्रित, निरकंश शैली तथा नियन्त्रित किसिमको देखिए पनि बिस्तारै त्यसमा कमी हुदै प्रजातान्त्रिक प्रक्रियामा अगाडी बढदै गएको पाइन्छ ।

### १.१.१. दण्डको वर्तमान अवस्था

व्यक्तिको सर्वाङ्गिण पक्षको विकास गर्न तथा बालबालिकाहरुको अन्तरनिहित प्रतिभाको प्रस्फुटन गर्नको लागी प्रदान गरिने शिक्षा प्रजातान्त्रिक मुल्यमान्यता अनुरुप हुनु पर्दछ भन्ने मान्यता रहेको छ । बालबालिकाहरुको मनोभावना बुझी उनीहरुको इच्छा, आकांक्षा, रुची, चाहना अनुरुप बालमैत्रीपूर्ण वातावरण निर्माण गरी गरिएको शिक्षण सिकाई बढी प्रभावकारी हुने गर्दछ (घिमिरे, २०६५) भन्ने मान्यता भए पनि नेपालका अधिकांश विद्यालयहरुमा यी कुराहरु गौण भएका छन् । नोपालमा बालाबलिकाहरुलाई पठन पाठनको क्रममा दिइने दण्डको स्थिति कस्तो छ ? भन्ने अधिकारिक अध्ययन अनुसन्धानबाट प्रकाशित तथ्याङ्क सार्वजनिक भएका छैनन् । कति अभिभावक तथा शिक्षकहरुले के कस्तो शारीरिक तथा मानसिक दण्डको उपयोग कति मात्रामा गर्दछन् भन्ने संख्यात्मक आँकडा नभेटिए पनि नेपालका विद्यालयहरुमा अथवा कक्षाकोठामा शिक्षकहरुले बालबालिकाहरुलाई विभिन्न किसिमका शारीरिक तथा मानसिक रुपमा असर पुग्ने खालका दण्डहरुको प्रयोग गर्ने गरेको पाइन्छ । 'Save the Children, (2006) को प्रतिवेदनका अनुसार शिक्षकहरुद्वारा विद्यार्थीहरुलाई अनुशासित बनाउन, नियन्त्रित कक्षाकोठा देखाउन, आफुमा भएका कमजोरी लुकाउन, विद्यार्थीहरुमाथी अनावश्यक प्रभुत्व जमाउन तथा अरु कार्यको असफलताको रीस पोख्न जस्ता अनेकौ कारणहरुले शिक्षण गर्दा दण्ड दिने गरेको पाइन्छ ।

नेपालका विद्यालयहरुमा खास गरी दुई किसिमका दण्डहरुको प्रयोग भइरहेको पाइन्छ । पहिलो शारीरिक रुपमा चोट पटक लाग्ने गरी वा असर पुग्ने गरी दिईने दण्डहरु जस्तै लठ्ठीले शरीरका विभिन्न भागमा हान्ने, हातले थप्पड हान्ने, उठबस गर्न लगाउनु, घण्टौ उभ्याइरहने, मुर्गा बनाउने, चिमोट्ने आदी रहेका देखिन्छन् भने दास्रो मानसिक रुपमा असर पुग्ने किसिमका मानसिक दण्डहरु जस्तैः विद्यार्थीलाई होच्याएर बोल्ने, विभिन्न नराम्रा जनावर तथा वस्तुको उपमा दिई गाली गर्ने, थर्काउने, उपेक्षित तथा निरुतसाहित हुने किसिमको

दण्डले गर्दा विद्यालयमा थुप्रै समस्या आई परेको संचारका माध्यमबाट सुन्न पाइन्छ तथा बालबालिकाहरुमा पनि शिक्षक, विद्यालय तथा पढाईप्रति नै नराम्रो धारणाको विकास भई सिकाइमा ठूलो असर पुग्ने कुरा सुन्नमा आएका छन् ।

नेपालको आर्थिक, सांस्कृतिक, राजनैतिक, सामाजिक, शैक्षिक एवं नागरिकको चेतनास्तर आदी अवस्थाको पनि विश्लेषण गर्ने हो भने पनि घर देखि परसम्म बाल दण्डको उपयोग भएको पाइन्छ । भय विनाको परिवार र भय विनाको विद्यालय छैनन् घिमिरे, (२०६६) । विभिन्न समयमा संचारका साधनहरुले विद्यालयहरुमा शिक्षकहरुले जघन्य बालदण्ड अपनाएको समाचार सुन्न तथा पढ्न पाइन्छ । अभिभावकहरुको चेतना स्तरको कमीका कारणले र अन्य कारणले तथा शिक्षकहरुमा प्राप्त स्रोत साधनको अभाव र शिक्षण सीपको कमी कारणले बालबालिकाहरु माथि विभिन्न किसिमका दण्डहरु तथा दुर्व्यबहारको प्रयोग गरिएको पाइन्छ । जुनसुकै कारणले भए पनि बालबालिकाहरु रीस साध्ने भाँडो भएका छन् । अहिलेसम्म पनि नेपालका अधिकांश विद्यालयका शिक्षक शिक्षिकाहरु दण्डलाई अनुशासनको आधार मान्दछन् ।

### १.१.२ विभिन्न देशहरुको बालदण्डको अवस्था

बालबालिकालाई दिइने शारीरिक र मानसिक दण्ड संसारमा प्रायजसो राष्ट्रहरुको साझा समस्या रहेको छ । बाल अधिकारका लागी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विभिन्न गोष्ठि, सेमिनार, सम्झौता, नियम आदि संचालन भई रहेका छन् तर एउटा बालक हरेक स्थानमा दण्डित भइरहेको हुन्छ घरमा, स्कुलमा, काम गरिरहेको ठाउँमा, छिमेकमा । बाल अधिकारका नाराहरु, कसरी बाल दण्ड रोक्ने भाषणहरु, NGO, INGO  का परियोजनाहरु कसरी बालदण्ड रोक्ने भन्ने उदेश्यमा संचालन भए पनि दण्ड यथावत छ घिमिरे, (२०६५) । संसारका बालबालिकाहरुले अनुशासित बन्नको नाममा दण्ड भोगिरहेका छन् त्यो पक्ष विकसित र अविकसित तथा सम्पन्न र विपन्न राष्ट्रहरुको बीचमा केही मात्रात्मक फरक मात्र देखिन्छ ।

'Save the Children (2007) द्वारा प्रकाशित प्रतिवेदनका अनुसार विश्वका विभिन्न देशहरुको बाल दण्डको स्थितिलाई उल्लेख गरेको छ । त्यसमध्ये केहि देशमा भएको बाल दण्डको अवस्थालाई निम्नलिखित रुपमा उल्लेख गरिन्छः

क) क्यामरुनः ९३ प्रतिशत बालबालिका बाबुआमा तथा अग्रजबाट पिटिन्छन् । ती महिनामा १ देखि ३ पटक सम्म पिटिन्छन् भने शिक्षकद्वारा ९८ प्रतिशत बालाबलिकाहरु हप्तामा १ देखि ५ पटकसम्म पिटिन्छन् ।

ख) कोरियाः कोरियामा पनि विद्यालय र घरपरिवार गरेर ९७ प्रतिशत बालबालिकाहरु दण्डित हुन्छन् ।

ग) पाकिस्तानः सन् १९९९ को सर्वेक्षण अनुसार ७८ प्रतिशत बालबालिकाहरु घरमा नै शारीरिक दण्डित हुन्छन् ।

घ) भारतः भारतका विद्यालयहरु तथा घरपरिवारबाट ९१ प्रतिशत बालकहरु र ८६ प्रतिशत बालिकाहरु दण्डित हुन्छन् ।

ङ) इथोपियाः ९० प्रतिशत विद्यार्थीहरुले घरपरिवार तथा विद्यालयबाट शारीरिक यातना पाउँछन् ।

च) इजिप्टः सन् १९८६ को अनुसार लठ्ठीले ३३ प्रतिशत विद्यार्थीहरु अनुशासनका लागी पिटिन्छन् त्यसमध्ये १ चौथाई घाइते हुन्छन् ।

छ) अमेरिकाः ८९ प्रतिशत अभिभावकहरु ३ वर्ष सम्म बालकलाई हिर्काउछन् भने यदाकदा १५ देखि १७ वर्ष सम्म पनि पिटिन्छन् ।

ज) नेपालः नेपालमा दण्ड सम्बन्धी आधारिक तथ्यांक एवं आाकडा नभएपनि माथिका विभिन्न देशको स्थिति भन्दा नेपालमा दण्डको स्थिति माथि छ ।

सोही प्रतिवेदन अनुसार विद्यालयमा बालबालिका उपर हुने सजायको कुरा गर्दा पोल्याण्ड, निदरल्याण्ड, लक्जेम्बर, इटाली, बेल्जियम, अष्ट्रेलीया, फ्रान्स, फिनल्याण्ड, जापान, रसिया, टर्की, नर्वे, जर्मनी, बेलायत, स्वीडेन, क्यानडा

आदी देशहरुमा विद्यालयमा हुने शारीरिक सजायलाई प्रतिबन्ध गरिएको पाइन्छ तर पनि संसारका धेरै राष्ट्र अझ पनि अनुशासनको नाममा निर्दोष निमुखा बालबालिकाहरुलाई कतिपय विद्यालयमा विभिन्न कारण तथा बहानामा शारीरिक तथा मानसिक दुवै खाले सजाय दिने अवस्था अझै विद्यमान छ । यो ज्यादै दुःखको कुरा हो किनकि यस्ता सजायले कलिला बालबालिकाको शारीरिक, मानसिक तथा भावनात्मक विकासमा नकारात्मक असर परी व्यक्तित्व विकास, मनोवैज्ञानिक विकासलाई विथोल्छ र सुन्दर भविष्यमा नराम्रो धक्का पुऱ्याउन सक्छ ।

### **१.१.३ बाल अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरले पुऱ्याएको योगदान**

अन्तर्राष्ट्रिय स्तरमा बालबालिकाको विकास सम्बन्धी पहिलो प्रयासको रुपमा सन् १९५९ नोभेम्बर २० को बाल अधिकार घोषणा पत्रलाई लिन सकिन्छ । यस घोषणा पत्रका १० वटा सिद्धान्तलाई अधिकारको रुपमा उपयोग गर्न पाउने व्यबस्था गरिएको थियो । दोस्रो प्रयासका रुपमा सन् १९६० मा बाल अधिकार घोषणापत्रबाट प्रेरित भई युनिसेफले बाल अधिकार सुरक्षित गर्न पाउने व्यबस्था गरेको थियो जस अनुरुप सन् १९६१ देखि युग पिडित बालबालिकाहरुलाई संकटकालिन सहयोग पुऱ्याउदै आएको पाइन्छ । तेस्रो प्रयासको रुपमा सन् १९८९ को नोभेम्बर २० मा संयुक्त राष्ट्र संघले बालअधिकार सम्बन्धी ५४ वटा धारा प्रस्तुत गरेको छ जसमा बालबालिकाको सर्वोतम हित, भेदभाव विहिनता, बाल बचाउ र बालविकास तथा बाल सहभागिता जस्ता महत्वपूर्ण पक्षमा ध्यान दिएको छ । चौथो प्रयासको रुपमा सन् १९९० मा थाइलेण्डका जोम्टिनमा भएको “सबैका लागी शिक्षा” भन्ने विश्व सम्मेलनलाई लिन सकिन्छ जसले विद्यालय जाने उमेरका ८० प्रतिशत बालबालिकालाई आधारभुत शिक्षामा विश्वब्यापी पहुच र प्राथमिक शिक्षाको उपलब्धिमा जोड दिएको थियो । त्यसैगरी छैटौं प्रयासको रुपमा सन् २००० मा भएको डकार सम्मेलनले विश्वब्यापी रुपमा सबैका लागी शिक्षा उपलब्ध

गराउने नीति पारित गरे अनुरुप प्राथमिक बाल्याबस्था विकास शिक्षालाई विस्तार गर्ने कार्यक्रमहरु संचालन भइरहेको पाइन्छ ।

त्यसैगरी संसारका धेरै जसो देशहरुमा विद्यालयमा विद्यार्थीलाई दिइने यातनालाई कसरी रोक्ने भन्ने बारे छलफल र बहस शुरु हुन थालेको छ । सन् १९७९ को अनतराष्ट्रिय बाल बर्षको उपलक्ष्यमा संसारमा पहिलो पटक बालबालिकाहरुलाई कुनै पनि शारीरिक दण्ड दिन नपाउने कानुन स्वीडेनले पारित गरेको थियो । उपरोक्त कानुनले बालबालिकालाई स्याहार सुरक्षा र सद्व्यबहार पाइने अधिकार छ उनीहरुलाई ब्यक्ति र ब्यक्तिगत हिसाबबाट सम्मान जनक व्यबहार गर्नुपर्दछ र उनीहरुलाई कुनै पनि खालको शारीरिक दण्ड तथा अपमान जनक व्यबहार गर्न पाइदैन भन्ने कुरा स्पष्ट गरेको छ । विद्यालयमा बालबालिका उपर हुने सजायको हुरा गर्दा पोल्याण्ड, निदरल्याण्ड, इटली, बेल्जियम, अष्ट्रेलिया, फ्रान्स, फिनल्याण्ड, जापान, टर्कि, जर्मनी, ग्रिस, बेलायत, स्वीडेन, क्यानडा, डेनमार्क आदी जस्ता देशहरुले विद्यालयमा हुने शारीरिक सजायलाई प्रतिबन्ध गरेको पाइन्छ ।

नेपालले संयुक्त राष्ट्र संघद्वारा पारित बाल अधिकार महासन्धिलाई सन् १९९० को सेप्टेम्बर १४ का दिन अनुमोदन गरी बालअधिकार संरक्षणका लागी आफ्नो प्रतिवद्धता जाहेर गऱ्यो र अन्तराष्ट्रिय स्तरमा जवाफदेहि भयो । अन्तराष्ट्रिय सम्मेलन र घोषणा पत्रलाई महत्व दिदै नेपाल अधिराज्यको संविधान २०४७ ले पनि बाल अधिकार संरक्षणमा जोड दिएको थियो । उक्त संविधानको भाग ४, धारा २६ को उपधारा ९ ले अनाथ बालबालिका अपाङ्ग, महिला बृद्धहरुको लागि शिक्षा, स्वास्थ्य र समाजिक सुरक्षाको बिशेष व्यबस्था गर्ने नीति अबलम्बन गर्नेछ भन्ने व्यबस्था गरिएको थियो भने संविधानको त्यही व्यबस्थालाई कार्यान्वयन गर्न बालबालिका सम्बन्धी ऐन २०४८ लागु गरेको छ । उक्त ऐनले १६ बर्ष नपुगेका ब्यक्तिलाई बालबालिका मानेको छ र उक्त ऐनलाई अझ प्रभावकारी बनाउन बालबालिका सम्बन्धी नियमावली २०५१ लागु गरिएको छ त्यस्तै बाल इजलासको व्यबस्था हुनु, बालकल्याण गृहको संचालन र स्थापना

गरिनु पनि बाल अधिकार संरक्षणका लागी भएका प्रयास मानिन्छ । त्यसैगरी नेपालको अन्तरिम संविधान २०६३ ले शिक्षालाई मौलिक हकको रुपमा राख्दै धारा २२ को उपधारा ३ मा प्रत्येक बालबालिकालाई शारीरिक मानसिक वा अन्य कुनै किसिमको शोषण बिरुद्धको हक हुनेछ । यसले शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुनेछ भनि उल्लेख गरेको पाइन्छ ।

यसरी विभिन्न बाल अधिकार तथा बाल विकास सम्बन्धी भएका प्रयासले दिएको मुख्य सन्देशहरु मध्ये बालबालिकालाई स्वतन्त्र, निष्पक्ष तथा सौहार्दपूर्ण वातावरणमा शिक्षा दिनु पर्दछ भन्ने कुरा हुन आउँछ । तर नेपालमा विभिन्न कारणले यसमा प्रगति हुन सकेको छैन ।

## १.२ समस्याको कथन

हाम्रो देशमा अझै पनि लाखौ बालबालिकाहरु शिक्षाको उज्यालोबाट बञ्चित छन् । हातमा कलम कापी बोकी विद्यालयको रमाइलो वातावरणमा हुर्कनु र बढ्नु पर्ने कैयौं बालबालिकाहरु घास, दाउरा, पधेरो, गाइ वस्तु चराउन कुटो कोदालो, खाते भरिया इत्यादिमा आफ्नो बालापन व्यतित गर्न बिवश छन् उनीहरुका आफ्नै दुःख र ब्यथा छन् । तिनीहरुको तुलनामा विद्यालयमा पढ्न पाएका बालबालिकाहरु निश्चय पनि भाग्यमानी छन् तर पढ्न पाएका सबै बालबालिकाहरुले त्यहाँ मानवोचित व्यबहार पाएका छैनन् । कतिपय अवस्थामा बालबालिकाहरुलाई अध्ययनसिल र अनुशासित बनाउने नाममा उनीहरुमाथी विविध खाले सजायहरु थोपरिएका छन् ।

हाम्रा विद्यालयहरुमा बालबालिकाहरुलाई सजाय दिने पुरानो पद्धतिको छाप अझै मेटिएको छैन । विभिन्न संचारका माध्यमहरुबाट विद्यार्थीहरुलाई विद्यालयमा दिइएको सजाय सम्बन्धी समाचार सुन्न तथा पढ्न पाइन्छ जस्तै काठमाडौं जोरपाटी स्थित राई स्कुलका एक विद्यार्थीलाई शिक्षकले निर्मम तरिकाले कुटपिट गरी स्कुलको होस्टेलमा बन्धक बनाएर राखे पछि मानव अधिकार कर्मी गएर छुटाएको घटना (राजधानी दैनिक २०६५ पुष १७ गते),

सुर्खेतमा आफ्नै बाबु शिक्षकद्वारा एक विद्यार्थीलाई विद्यालयमा सजाय दिँदा बालकले खोलामा हामफाली आत्महत्या गरेको घटना (कान्तिपुर २०६६ बैशाख ६), काठमाडौं कपन स्थित एक विद्यालयका प्रिन्सिपलको कुटाइले बालिका सक्त घाइते भई अस्पताल भर्ना गरेको समाचार (कान्तिपुर २०६६ असार ९ गते), नेपालगन्जको एक विद्यालयमा शिक्षकको यातनाका कारण कक्षा ९ मा पढ्ने विद्यार्थी वेपता (गोरखापत्र, २०६६ भाद्र १४ गते) तनहुँ शिक्षकको कुटाइले बालकको हात भाचियो (कान्तिपुर, २०६६ साउन १० गते), अछामको एक विद्यालयमा विद्यार्थीहरुलाई सजाय वापत टाढाबाट पानी बोकाउने गरेको ( राजधाानी दैनिक २०६६ बैशाख १८), काठमाडौं सितापाइलाको एक बोर्डिङ्गमा शिक्षिकाको चरम यातनाका कारण बालिका ४ घण्टा बेहोस (कान्तिपुर ६५, जेठ ५) आदी जस्ता समाचारहरु उदाहरणीय घटनाले नेपालका विद्यालयमा शारीरिक यातनाको स्थितिलाई प्रष्ट झल्काउँछन्, भने बालबालिकाहरुलाई दिइने मानसिक सजाय तथा दुर्व्यबहारको अवस्था त यसभन्दा झन नाजुक रहेको देखिन्छ यस सम्बन्धी अध्ययन अनुसन्धान पनि भएको पाइँदैन ।

यसरी बालबालिका अनुशासित बनाउने नाममा, बानी व्यहोरा सुधार्ने बहानामा, अध्ययनसिल बनाउन थुप्रै किसिम दण्ड, सजाय तथा यातना भोग्न बाध्य भएका छन् जसले गर्दा उनीहरुको शारीरिक , मानसिक तथा संवेगात्मक पक्षको विकासमा नराम्रो असर पुऱ्याउने गर्दछ । विद्यालयमा दिइने सजायले बालबालिकाहरुमा विद्यालय तथा सिकाइप्रती नकारात्मक धारणाको विकास भई वितृष्णा उत्पन्न हुने गर्दछ साथै दण्डकै कारण शिक्षक विद्यार्थी सम्बन्ध, शिक्षक अभिभावक तथा विद्यालय अभिभावक सम्बन्धमा समेत नराम्रो असर पुग्न गई शिक्षण पेशा नै चुनौतिपूर्ण बन्दै गएको देखिन्छ । त्यसैले विद्यालयमा शिक्षकद्वारा जानी जानी तथा अन्जानमै दिइने विभिन्न सजाय तथा दुर्व्यबहारहरुलाई न्यूनीकरण गर्नुपर्ने अत्यन्त जरुरी भएको महसुस गरिएको छ ।

यस “प्राथमिक विद्यालयको कक्षा शिक्षणमा दण्डको स्थिति” नामक यस अध्ययनले निम्न लिखित प्रश्नहरुको यथोचित जवाफ खोज्ने प्रयास गरेको थियो ।

क) प्राथमिक विद्यालयमा किन दण्डको प्रयोग गरिन्छ ?

ख) विद्यालयहरुमा कस्ता कस्ता दण्डहरु दिइन्छन् ?

ग) दण्डले बालबालिकाहरुको सिकाइमा कस्तो (सकारात्मक-नकारात्मक) असर पुऱ्याएको छ ?

घ) दण्डले उत्पन्न गराएको समस्याहरु के के छन् ?

ङ) के बालबालिकाहरुलाई दण्ड दिनु आवश्यक छ ?

च) दण्डलाई निरुत्साहित गर्न के गर्नुपर्ला ? आदी ।

## १.३ अध्ययनको उदेश्य

प्राथमिक विद्यालयको कक्षा शिक्षणमा दण्डको स्थिति नामक यस अध्ययनका उदेश्यहरु निम्न अनुसार राखिएका थिए :-

क) प्राथमिक विद्यालयको कक्षा शिक्षणमा दण्डको स्थिति पहिचान गर्नु ।

ख) प्राथमिक विद्यालयमा दण्डले विद्यार्थीको सिकाइमा पारेको असर सम्बन्धी सरोकारबालाहरु को धारणा पत्ता लगाउनु ।

ग) प्राथमिक विद्यालयमा दण्डले उत्पन्न गराएका समस्याहरुको खोजी गर्नु ।

## १.४ अध्ययनको औचित्य

नेपालका विद्यालयहरुमा बालबालिका माथि प्रयोग गरिने शारीरिक तथा मानसिक सजायको अवस्था कस्तो छ ? भन्ने बारेमा आधिकारिक अनुसन्धानबाट प्रकाशित तथ्य, तथ्याङ्कहरु सार्वजनिक भएका छैनन्, तथापि बालबालिका सम्बन्धी काम गर्ने संस्था सिविन नेपाल (रवि भवन काठमाडौं) ले

विभिन्न संचारका माध्यमबाट बाहिर आएका तथा प्रकाशित गम्भिर प्रकृतिका घटनाहरुलाई फाइल गरेको छ जस अनुसार शैक्षिक सत्र २०६५ भित्र २७ वटा शारीरिक सजाय घटना र शैक्षिक सत्र २०६६ को हालसम्म ३४ वटा विद्यालयमा दण्ड सम्बन्धी भएका गम्भिर प्रवृत्तिका घटनाहरुलाई संग्रहित गरी राखेको पाइन्छ । यसबाट के प्रष्ट हुन्छ भने हाम्रा विद्यालयहरुमा दण्ड, सजाय वा दुर्व्यवहार स्थिति भयावह छ र अर्को कुरा यस्ता सजायहरुले बालबालिकाहरुको सिकाइमा पार्ने असर, मानसिक तथा सामाजिक रुपमा पार्ने असरका बारेमा सम्बन्धित निकायको कुनै पनि चासो रहेको देखिँदैन ।

अहिलेको अवस्थामा विद्यालयमा दिइने दण्डले गर्दा शिक्षक-विद्यार्थी, विद्यालय-अभिभावक बीचको सम्बन्धमा फाटो पार्दै गएको छ जसले गर्दा विद्यालय समुदाय सहकार्यतामा कमी हुदै गएको देखिन्छ । दण्डले बालबालिकाहरुको विभिन्न पक्षको विकासमा नराम्रो असर पार्ने त छदैछ यसले उनीहरुमा शिक्षा तथा विद्यालय प्रति वितृष्णा उत्पन्न भई विद्यालयमा अनुपस्थित हुने तथा विद्यालय छोड्ने दर पनि बढ्दै जान्ने छ । अर्कोतिर शिक्षण पेशा पनि आलोचित तथा अमर्यादित हुने चुनौति बढ्दै गइरहेको देखिन्छ । अभिभावकहरुमा शिक्षक तथा विद्यालय प्रति अविश्वास सृजना हुने अवस्था आइरहेको छ । यी सबै अवस्था तथा समस्याबाट बच्न विभिन्न किसिमका अध्ययन अनुसन्धान गरी बेलैमा दण्ड न्यूनीकरण तिर ध्यान दिनु पर्दछ नत्र यसले भविश्यमा नराम्रो असर पार्ने देखिएको छ ।

कुनै पनि क्षेत्रमा गरिने अध्ययनको उक्त क्षेत्रमा आफ्नै महत्व रहेको हुन्छ । त्यसैले यो अध्ययन पनि शैक्षिक अनुसन्धान भित्रको एक पक्ष भएकोले शिक्षासंग सम्बन्धित एवं सरोकारवालाहरु शिक्षक, अभिभावक, विद्यालय, शिक्षा कार्यालयहरु, पाठ्यक्रम निर्माता, शिक्षाविद र भावी यसमा थप अध्ययन गर्न चाहने व्यक्तिहरुका लागी यो सहयोगी हुने छ भन्ने आशा लिइएको छ । त्यसमा पनि खास गरी पठनपाठन कार्यमा दण्डको प्रयोग गर्ने प्रत्यक्ष माध्यम शिक्षक भएकाले बालबालिकाहरुलाई दण्ड दिनु एक अनुचित कार्य हो भनि

सचेत गराइ विना दण्ड शिक्षण गर्न प्रोत्साहन गर्ने छ भन्ने आशा लिइएको छ ।

## १.५ अध्ययनको सिमाङ्कन

अनुसन्धानका लागी उपलब्ध हुन सक्ने स्रोत साधन समय र परिस्थितिलाई ध्यानमा राखी यस अध्ययनको निम्न लिखित सिमाङ्कन निर्धारण गरिएको थियो;:

क.अध्ययन क्षेत्रमा परेका ३ वटा शुद्ध सामुदायिक प्राथमिक विद्यालयहरुमा रहेको दण्डको स्थितिमा मात्र अध्ययन सीमित गरिएको छ ।

ख. अध्ययनमा छनोटमा परेका प्राथमिक विद्यालयका प्र.अ., शिक्षक विद्यार्थीहरु र अभिभावक हरुमा सीमित गरिएको छ ।

ग. छनोटमा परेका प्रत्येक विद्यालयका ३/३ वटा कक्षा अवलोकनमा विद्यार्थीहरु तथा शिक्षक हरुमा सीमित गरिएको छ ।

घ. कक्षा शिक्षणमा हुन सक्ने दण्डको अवस्थामा मात्र सीमित पारिएको छ ।

ङ. दण्डले बालबालिकाहरुको सिकाइमा परेको असर तथा यसले गर्दा उत्पन्न भएका समस्यामा सीमित पारिएको छ ।

## १.६ विशेष शब्दावलीहरुको परिभाषा

प्रा.वि. – रामनगर मिर्चैया न.पा.मा छनोट गरिएका सामुदायिक प्राथमिक विद्यालयहरु

शुद्ध प्रा.वि.– कक्षा १ देखि ५ सम्म मात्र संचालन भएका प्राथमिक विद्यालयहरु

पठनपाठन– प्रा.वि. तहको कक्षा कोठामा गरिने शिक्षण क्रियाकलाप

दण्ड – प्रा.वि. तहमा कक्षा कोठा भित्र शिक्षणको सिलसिलामा शिक्षकद्वारा दिइने शारीरिक तथा मानसिक सजाय

प्रभाव – प्रा.वि. तहका बालबालिकाको सिकाई क्रियाकलापमा परेको सकारात्मक तथा नकारात्मक असर

श.न.पा.– रामनगर मिर्चैया नगरपालिका

सरोकारवालाहरु – प्रधानाध्यापक, शिक्षक शिक्षिका, विद्यार्थी तथा अभिभावकहरु

# अध्याय दुई

# पूर्व साहित्यको समीक्षा

## २.१ सम्बन्धीत पूर्वसाहित्यको शैद्धान्तिक समीक्षा

प्रगतीबादी दार्शनिक John, Dewey (1969) का अनुसार साना बालबालिकाहरुलाई स्वतन्त्रतापूर्वक, स्वस्फूर्त रुपमा काल्पनिक रुपमा र संबेदनात्मक रुपमा प्रतिक्रिया जाहेर गर्न दिनु पर्दछ । शिक्षकले सिकाइ प्रति आकर्षित गर्दै प्रशंसा गर्दै निर्देशन दिदै, उत्साहित गर्दै र प्रतिक्रियालाई सकारात्मकता दिँदै शैक्षिक वातावरण सृजना गर्नुपर्दछ । शिक्षकले कक्षा कोठामा साथीको रुपमा, सहयोगी, मायालु, मिठोबोली र पुरस्कार केन्द्रित व्यवहार पारदर्शित गर्नुपर्दछ । बिद्यार्थीलाई दण्ड दिनु हुदैन । कक्षाकोठामा शिक्षकले कहिल्यै पनि प्रभुत्व कायम गर्नु हुदैन । कक्षाकोठा नियन्त्रण गर्न दण्ड मात्रै एउटै माध्यम हुन सक्दैन यसका वैकल्पिक विधि तथा माध्यम अपनाउनु पर्दछ । यसरी शिक्षकले देखाएको साथित्वको व्यवहारले बालबालिकामा सुरक्षाको भावना पैदा भई प्रभावकारी सिकाइ हुने कुरा उल्लेख गरिएको छ ।

मनोवैज्ञानिक थर्नडाइकको प्रयत्न तथा भुल सिकाइ सिद्धान्तको मुख्य आधार मध्ये दण्ड र पुरस्कारको भूमिकालाई पनि प्रमुख मानिन्छ । कुनै पनि सिकाइमा दण्डको तुल्नामा पुरस्कारको भूमिका बलियो हुन्छ भन्ने यस सिद्धान्तको आश्रय हो । सन् १९३० अगाडि सिकाइमा सन्तुष्टि (Satisfying and annoying) का परिणामहरु बराबर र बिपरित हुन्छ भनेका थिए । तर पछि सिकाइमा पुरस्कार मात्र नभइ दण्डले पनि प्रभाव पार्दछ भनेको पाइन्छ यति हुदाँ हुदैँ पनि थर्नडाइक भन्दछन् 'effect of reward is more powerful than punishment' यस भनाईलाई उनले कुखुराको चल्लामा गरेको प्रयोगबाट प्रष्ट पारेका थिए । उनले एउटा भुलभुलैया निर्माण गरी जसमा तीनवटा बाटाहरु राखिएका थिए पहिलो बाटोमा पुरस्कारको व्यवस्था थियो, दोस्रो बाटोमा दण्डको व्यवस्था थियो र तेस्रो बाटोमा दुवै नभएको बोध थियो जब कुखुराको चल्लालाई ढोका

खोली छोडियो धेरैले पुरस्कार भएको बाटो र केहिले मात्र अन्य रोजेको पाइयो । यसलाई उनले मानिसमा पनि प्रयोग गरेको पाइन्छ । यसको अर्थ सिकाइमा पुरस्कारले बढी सहयोग गर्ने र दण्डले कम सकारात्मक प्रभाव पार्ने कुरा प्रमाणित गरेको पाइन्छ ।

मनोवैज्ञानिक स्किनले दण्डलाई मन नपर्ने उतेजना (Aversive stimulus) का रुपमा प्रस्तुत गरेका छन् जसले चाहिदो प्रतिक्रियालाई जहिले पनि दवाइराखेको हुन्छ । दण्डको प्रयोगले सकारात्मक प्रतिक्रिया देखाउन संलग्न हुने उतेजनाहरु क्रियासिल हुन सक्दैनन् यसलाई उनले एउटा उदाहरण दिई प्रष्ट पारेका छन् कुनै बालक आमाबाबुको डरले गृहकार्य गर्न वा पढ्न बस्दछ भने उसले गृहकार्य राम्ररी पुरा गर्न सक्दैन किनभने यसका लागी ऊ आफै आकर्षित हुनुपर्दछ नत्र भने उसले आमाबुबाको आँखा छल्न देखावटी कार्य गरेको हुन्छ । यसको अर्थ सिक्नका लागी दवाव दिनाले सिकाई वास्तविक रुपमा हुदैंन वा नकारात्मक पुनर्वलले सकारात्मक प्रतिक्रियालाई नकार्छ ।

शिक्षाविद् दोरोथिल नोल्तेले जस्तो भोगाई उस्तै सिकाइ सम्बन्धी निम्न कुरालाई कवितात्मक शैलीमा उल्लेख गरेका छन्:

आलोचनाबीच हुर्केका बालकले भत्सर्ना गर्न सिक्छ,

अमर्यादाबीच हुर्केका बालकले लज्जित हुन सिक्छ,

शान्त वातावरणमा हुर्केका बालकले धैर्यवान बन्न सिक्छ,

आदर सम्मानमा हुर्केका बालकले प्रशंसा गर्न सिक्छ,

सदभावना र मित्रतामा हुर्केका बालकले माया र स्नेह सिक्छ,

तनाव र विवादमा हुर्केका बालकले झैझगडाँ गर्न सिक्छ,

लाज र सरममा हुर्केका बालकले पछुताउन सिक्छ,

सुरक्षित रुपमा हुर्केका बालकले विश्वास गर्न सिक्छ,

प्रशंसामा हुर्केका बालकले कदर गर्न सिक्छ । (शैक्षिक जनशक्ति विकास केन्द्र, २०६४) यसको अर्थ बालबालिकाहरुलाई हामीले जस्तो व्यवहार प्रदर्शन गर्छौ उनीहरुले पनि त्यसै सिक्ने गर्दछ । शिक्षकले शिक्षण गर्दा मायाममता, स्नेह, आदर सम्मान प्रशंसा गरी सिकाउदा बालबालिकाहरुले पनि सोही अनुरुप सिक्ने र त्यसको बिपरित सजाय, तनाव, आलोचना गरी सिकाउँदा बालबालिकाहरुले त्यही कुरा सिक्ने हुन्छन् भन्ने बुझिन्छ यि कुराले पनि बालबालिकाहरुलाई दिइने दण्ड तथा सजायलाई नकार्छ र उनीहरु प्रति उचित व्यवहार प्रदर्शन गर्नुपर्दछ भन्ने अर्थ लाग्दछ ।

## २.२ सम्बन्धित अध्ययन प्रतिवेदनको समीक्षा

Save the Children (2007) द्वारा प्रकाशित Positive Displine Techniques नामक पुस्तकमा दक्षिण तथा मध्ये एसियाका देशहरुका विद्यालयमा दिइने दण्डको स्थिति, किन बालबालिकाहरु दण्डित हुन्छन् ? भन्ने कुरालाई विश्लेषण गरीएको छ । बालबालिकाहरु घरपरिवार, विद्यालयमा र संस्थामा कुन कुन रुपमा सजाय भोगिरहेका छन् ? भन्ने कुरा समेटिएको छ साथै दक्षिण तथा मध्य एसियाका विभिन्न देशहरुमा बालदण्डको अवस्थाको विश्लेषण गरिएको छ र कसरी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाले बाल दण्डमा न्यूनीकरण पुऱ्याउन सक्दछन् भन्ने कुरा पनि उल्लेख गरेको पाइन्छ र अन्त्यमा बालदण्ड न्यूनीकरण गर्ने आवश्यक पर्ने कार्य योजना (Action Plan) पनि प्रत्येक देशले अलग अलग रुपले समेटेको पाइन्छ । त्यसमा लेपालका विद्यालयमा बालदण्ड कम गर्न विभिन्न NGO, INGO को सरकारसंग सहकार्य गर्नुपर्ने, अभिभावक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिलाई सचेत गर्नुपर्ने, शिक्षकहरु, सामुदायिक आधारित बालबालिका केन्द्र तथा कलबका सदस्यलाई तालिम प्रदान गर्ने आदि जस्ता थुप्रै महत्वपूर्ण कार्य योजनाका लागी सुझाव पेश गरिएको छ ।

CERID (1991) बाट प्रकाशित 'A Study on Droupout in Primary Education' मा तनावपूर्ण वातावरणमा शिक्षण गरेको खण्डमा धेरै विद्यार्थीहरुले कक्षा छोड्ने तथा पढाइ नै छोड्ने समस्या देखिन्छ । शिक्षकद्वारा दिइने सजायले बालबालिकाहरुको शिक्षक तथा विद्यालय प्रति नकारात्मक धारणाको विकास हुने गर्छ जसले गर्दा उनीहरु विद्यालय जान नै नमान्ने, कक्षामा डरका कारण चिन्तित भइरहने, डराउने, सृजनात्मक पक्षको विकास नहुने हुन्छ । त्यसैले कक्षाकोठामा दण्ड वा सजायलाई अनावश्यक भएको ठहर गरेको छ । यसलाई निरुत्साहित तथा कम गर्न, कक्षा कोठामा रमाइलो वातावरण कायम गरी शिक्षण क्रियाकलाप संचालन गर्न शिक्षकले विभिन्न सजाय रहित विधि तथा प्रविधिको प्रयोग गर्नु पर्ने हुन्छ र शिक्षकका लागी यस सम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने जसले गर्दा बालबालिकालाई प्रोत्साहित गरी पठनपाठन कार्य गर्नु पर्ने जस्ता सुझाबहरु दिएको छ ।

MS Isabelle (1998) को पुस्तकमा बालबालिकाहरुलाई रमाइलो वातावरणमा विभिन्न किसिमका खेलहरुको माध्यमबाट सिकाउँदा सिकाइ प्रभावकारी हुने विद्यार्थीहरुको रुची पूर्वक सहभागीता हुने, धारणात्मक पक्षको मजबुत विकास हुने कुरा उल्लेख गरेको पाइन्छ । जसका लागी उनले practice play, symbol play, game with rule  तथा construction play जस्ता विभिन्न खेल मार्फत विषयवस्तुको ज्ञान प्रदान गर्ने कुराको धारणा व्यक्त गरेका छन् र यस पुस्तकमा विभिन्न खेलका माध्यमबाट सिकाइने विधि तथा तरिकाहरुले पनि उल्लेख गरेका छन् । उनले यसको प्रयोग काभ्रे जिल्लाको बनेपा नगरपालिका भित्र पर्ने पूर्व प्राथमिक तहमा गरेका थिए जसको नतिजा बालबालिकाको सिकाइ प्रभावकारी तथा रचनात्मक सिपको विकास मजबुत भएको उल्लेख गरेका छन् । यसको अर्थ बालबालिकालाई नियन्त्रण गरेर, सजाय दिइ गरिने सिकाइ क्रियाकलाप भन्दा उत्साहपूर्व वातावरण सृजना गरी खेलको माध्यमबाट गरिएको सिकाइ बढी प्रभावकारी तथा सृजनात्मक हुने गर्दछ भन्ने पुष्टि गरेका छन् ।

Save the children र शैक्षिक जनशक्ति विकास केन्द्र (२०६४) द्वारा प्रकाशित ‘सजाय रहित शिक्षण सिकाइ तरिका’ नामक शिक्षक स्रोत सामग्रीमा बालबालिकामा उत्पन्न हुने तनाव र यसका सूचकहरु, तनावको व्यवस्थापन, सजाय वा दण्डको प्रभाव, सजायका वैकल्पिक उपाय तथा तरिका र बालबालिकामा देखा पर्ने व्यवहार जन्य बिचलनको वर्णन गरिएको छ । यसमा नेपालको विद्यालयहरुमा दुई किसिमका सजायहरु दिने गरेको १) शारीरिक सजाय (शारीरिक रुपमा असर पार्ने सजायहरु) २) मनोवैज्ञानिक सजाय ( मनोवैज्ञानिक पक्षलाई असर पार्ने सजायहरु) कुरा उल्लेख गरिएको छ । यस्ता सजायलाई निरुत्साहित गर्न तथा बालबालिकालाई उत्साहित र हौसला प्रदान गरी शिक्षण गर्ने तरिकाहरु ज्स्तै व्यवहार परिमार्जन विधि, प्रजातान्त्रिक अनुशासन, कक्षाकोठा समुदाय निर्माण, परामर्श तथा सुझाव जस्ता वैकल्पिक तरिका अपनाई शिक्षकलाई शिक्षण गर्नु सुझाव पेश गरेको पाइन्छ र यसमा शिक्षकका लागि वैकल्पिक विधिहरुको बारेमा समेत व्याख्या गरिएको छ ।

घिमिरे, पुण्य प्रसाद (२०६६) ले ‘अभिभावक तथा शिक्षकबाट बालबालिकाहरु किन दण्डित हुन्छन् ?’ नामक लेख जनक शिक्षा सामग्री केन्द्रको स्मारिका ( २०६६) मा विभिन्न राष्ट्रमा दण्डको स्थिति, शिक्षकहरु कक्षाकोठामा किन दण्ड प्रयोग गर्दछन् ? कस्ता कस्ता दण्डको प्रयोग गर्दछन् ? दण्डबारे बालबालिकाहरु धारणा के छ ? दण्डको कारण कस्तो परिणाम भइरहेको छ ? र बालबालिकाको स्वभाविक विकास गर्न के कस्ता उपाय अवलम्बन गर्न सकिन्छ भनेर थुप्रै उपायहरु उल्लेख गरेको पाइन्छ । र वहाँले निष्कर्षमा नेपालका बालबालिकाहरु घर परिवार, विद्यालय तथा जहाँ तहि अनुशासनको नाममा, बानी सुधार गर्नका लागि तथा निरंकुशता लादन विभिन्न प्रकारको दण्डित भइरहेका छन् जसको सकारात्मक असर पर्नु भन्दा पनि नकारात्मक असर परेको देखिन्छ यस प्रति घर परिवार अभिभावकहरु सचेत हुनु पर्दछ र विद्यालयमा शिक्षकहरुलाई पनि दण्ड न्यूनीकरणका लागि विशेष तालिमहरु त्था शिक्षण विधिहरु सिकाउनु पर्दछ भन्ने धारणा उल्लेख गरेका छन् ।

बालअधिकार- बालबालिकालाई दिइने सजाय विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रावधान पनि छ संयुक्त राष्ट्र संघद्वारा पारित बालअधिकार महासंन्धि १९८९ नोबेम्बर २० मा घोषणा गरिएको छ । उक्त बालअधिकार महासन्धिका आधारभूत सिद्धान्तहरु निम्न छन् :

क. बालबालिकाको सर्वोतम हित

ख. भेदभाव विहिनता

ग. बाल बचाउ र बालविकास

घ. बाल सहभागिता

यस महासन्धिका ५४ वटा धाराहरु मध्ये दण्ड सजायबाट बालबालिकाहरुलाई संरक्षण गराउने विषयसँग प्रत्यक्ष सरोकार भएका धाराहरु १९, २८, २९, ३६ र ३७ रहेका छन् जसमा बालबालिकाहरुलाई अभिभावक तथा अन्य व्यक्तिबाट हुने शारीरिक तथा मानसिक सजाय तथा शोषणबाट जोगाउन वैधानिक प्रशासनिक, तथा शैक्षिक उपायहरु अपनाइने छन्, उनीहरुको शारीरिक तथा मानसिक स्वास्थ्यमा अघात पर्ने गरी विद्यालय अनुशासन लागु गर्न नपाइने, शिक्षाले समझदारी, शान्ति, सहिष्णुता, स्वतन्त्रता तथा उत्तरदायी पूर्ण जीवनका लागि जोड दिनु पर्ने र बालबालिकाद्वारा गरिएका अपराधका लागि मृत्युदण्ड तथा आजीवन कारावास सजाय दिन नपाउने कुराहरु उल्लेख गरेको पाइन्छ ।


नेपालले पनि बालअधिकार महासन्धि १९८९ लाई सन् १९९० सेप्टेम्बर १४ को दिन अनुमोदन गरी प्रतिबद्धता जाहेर गरेको छ तथा नेपालमा बालबालिकालाई दिने सजाय विरुद्ध राष्ट्रिय स्तरमा पनि कानुनी प्रावधानहरु छन् । बालबालिका सम्बन्धि ऐन, २०४८ लागु गरेको छ । उक्त ऐनको धाराा ७ ले बालबालिकामा भेदभाव तथा उनीहरु माथि यातना जन्य व्यवहार गर्न नहुने व्यवस्था गरेको पाइन्छ । त्यसैगरी बालबालिका सम्बन्धि नियमावली २०५१ लागु गरी

बालबालिकाहरुको हकहित र संरक्षणका लागि विभिन्न कार्य गरिँदै आएको पाइन्छ ।

यसरी विभिन्न बालसिकाइ तथा दण्ड सम्बन्धी सैद्धान्तिक पक्षहरु तथा प्रकाशित प्रतिवेदनहरुका अनुसार सिकाइमा पुरस्कारको सकारात्मक प्रभाव बढी पर्ने र दण्डले सिकाइमा नकारात्मक असर बढी पार्ने कुरा उल्लेख गरेको पाइन्छ । त्यसैगरी दण्डले बालबालिकाहरुको शारीरिक, मानसिक तथा सामाजिक पक्षमा नराम्रो असर पर्ने हुन्छ जसका कारण उनीहरुको सिकाइ तथा भविष्यमा नराम्रो अक्षर पुग्ने हुन्छ त्यसैले हाम्रा विद्यालयहरुमा हुने गरेको विभिन्न प्रकारका शारीरिक तथा मानसिक दण्डहरुलाई न्यून गर्नुपर्ने देखिन्छ । बालअधिकार संरक्षण सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय व्यवस्था तथा राष्ट्रिय कानुनहरुको व्यवस्था भए पनि हाम्रो देशमा उचित कार्यान्वयनको अभावका कारण बालदण्ड विभिन्न रुपमा कायमै रहेको देखिन्छ ।

## २.३ अध्ययनको अवधारणात्मक ढाँचा

सम्बन्धित पूर्वसाहित्यहरुको अध्ययन पश्चात यस ‘प्राथमिक विद्यालयको कक्षा शिक्षणमा दण्डको स्थिति’ नामक यस अध्ययनको अनुसन्धानात्मक ढाँचा निम्न अनुसार रहेको थियो ।



# अध्याय तीन

# अध्ययन विधि

कुनै पनि विषयका बारेमा अध्ययन अनुसन्धान गर्नको लागि निश्चित अध्ययन विधिको आवश्यकता पर्दछ जसले अनुसन्धानलाई निश्चित दिशाबोध प्रदान गर्नुका साथै निष्कर्षमा पुग्न सहयोग गर्दछ । अनुसन्धान नयाँ ज्ञान, सिद्धान्त तथ्य र मान्यता प्राप्त गर्ने प्रक्रिया भए पनि यसका प्रकार, ढाँचा, किसिम र तरिकाहरुमा विविधता छ । विषयवस्तुको सन्दर्भ, यसको प्रकृति र स्वरुप अनि अनुसन्धानमा अन्तर्निहित सारवस्तुले अनुसन्धानले कुन निश्चित तरिका ( परिणात्मक वा गुणात्मक अनुसन्धान) अपनाउने भन्ने कुराको निर्क्योल गरेको हुन्छ । तसर्थ यस 'प्राथमिक विदालयको कक्षा शिषणमा दण्डको स्थिति' नामक अध्ययनलाई यसको विषयवस्तु तथा प्रकृति हेरी गुणात्मक अनुसन्धान प्रक्रिया अवलम्बन गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

गुणात्मक अनुसन्धानः सामान्यतया गुणात्मक अनुसन्धान भन्नाले व्याख्यात्मक सूचनाको आधारमा विश्लेषण र व्याख्या निष्कर्ष प्राप्त गर्न संचालन गरिने प्रक्रिया भन्ने बुझिन्छ । यस विधिको प्रमुख उद्देश्य अध्ययन गर्न लागिएको विषयवस्तुको प्राकृतिक अवस्थामा अध्ययन गरी त्यसको वहुवास्तविकता बारे अन्तदृष्टि प्राप्त गर्नु हो । यस विधिमा अधयनको विषयवस्तुलाई सम्पूर्णतामा अध्ययन गरिन्छ । कुनै पनि विषयवस्तुको अवस्था, प्रत्रिया समस्या तथा घटनाको विश्लेषण र व्याख्या गर्नका लागि संकलन तथा विश्लेषण गरिने तथ्याङ्कहरु साङ्ख्यिक नभएर शाब्दिक बढी हुने गर्दछन् ।

यस 'प्राथमिक विद्यालयको कक्षा शिक्षणमा दण्डको स्थिति' नामक अध्ययनको प्रकृति पनि गुणात्मक रहेको छ । यसको अनुसन्धानात्मक ढाँचालाई निम्न तालिकाबाट प्रष्ट परिएको छ ।

| उद्देश्य | स्रोत | साधन |
|---|---|---|
| १. प्राथमिक विद्यालयको कक्षा शिक्षणमा दण्ड को अवस्था पहिचान गर्नु । | विद्यार्थी, प्र.अ., अभिभावक, कक्षा शिक्षण | - अन्तर्वार्ता<br>- खुल्ला प्रश्नावली<br>- अप्रत्यक्ष अवलोकन |
| २. प्राथमिक विद्यालयहरुमा दिइने दण्डले विद्यार्थीको सिकाइमा पारेको प्रभाव सम्बन्धी सरोकारवालाहरुको धारणा पत्ता लगाउनु । | प्र.अ., अभिभावक, शिक्षक, विद्यार्थी | - प्रश्नावली<br>- अन्तर्वार्ता |
| ३. प्राथमिक विद्यालयमा दण्डले उत्पन्न गराएका समस्याहरुको खोजी गर्नु । | प्र.अ., अभिभावक, शिक्षक, विद्यार्थी | - अन्तर्वाता<br>- प्रश्नावली |

यस किसिमद्वारा संकलित सूचनालाई पूर्वतया गुणात्मक रुपमा विश्लेषण र व्याख्या गरिएको थियो ।

## ३.२ नमूना छनोट

यस अध्ययनमा लागि रामनगर मिर्चैया नगरपालिका अन्तर्गत पर्ने सम्पूर्ण सामुदायिक प्राथमिक विद्यालयहरु, प्र.अ., विद्यार्थी तथा अभिभावकको छनोट निम्न अनुसार गरिएको छ :

**क) विद्यालय छनोटः** सिरहा जिल्लाको रामनगर मिर्चैया नगरपालिका भित्र पर्ने १२ वटा सरकारी प्राथमिकहरु विद्यालयहरुमध्ये गोला प्रथा नमुना छनोट विधि अपनाइ ३ वटा प्राथमिक विद्यालयलाई मात्र नमूना छनोट गरिएको थियो ।

**ख) प्रधानाध्यापक र शिक्षक छनोटः** विद्यालयमा दण्डको स्थिति पत्ता लगाउन छनोटमा परेका तीन वटै विद्यालयका प्रधानाध्यापकहरु स्वतः अन्तर्वार्ताका लागि छनोट गरिएको छ र नमूना छनोटमा परेका प्रत्येक

विद्यालयबाट उद्देश्यात्मक नमूना छनोट विधिबाट २/२ जना शिक्षकलाई छनौट गरिएको थियो ।

ग) **विद्यार्थी छनोटः** यस अध्ययनका छनोटमा परेका तीनवटै विद्यालयबाट विद्यार्थीहरुको मनोभावना बुझ्न उद्देश्यात्मक नमुना छनोट विधि अपनाई कक्षा ५ बाट २/२ वटा (१ केटा र १ केटी) र कक्षा २ बाट (१ केटा, १ केटी) विद्यार्थीहरु रहेका थिए ।

घ) **अभिभावक छनोटः** अध्ययनका लागि छनोटमा परेका प्रत्येक विद्यार्थीहरुका अभिभावकहरु स्वतः यस अध्ययनका लागि लिइएको थियो ।

*(छनोटमा परेका विद्यालय, प्रधानाध्यापक, विद्यार्थीहरु, शिक्षक र अभिभावकहरुको विवरण अनुसूची १ मा हेर्न सकिन्छ ।)*

## ३.३ सूचना संकलनका साधनहरु

यस अध्ययनका लागि निम्न साधनहरुको निर्माण तथा प्रयोग गरी आवश्यक सूचना तथा जानकारी संकलन गरिएको थियो ।

क) **अन्तर्वार्ता प्रश्नावली :** प्राथमिक विद्यालयमा दण्डको स्थिति, सिकाइमा यसको असर तथा यसबाट उत्पन्न समस्या सम्बन्धी आवश्यक सूचना संकलन गर्न छनोटमा परेका विद्यालयका, प्रधानाध्यापक, विद्यार्थी र अभिभावकहरुको लागि छुट्टाछुट्टै अन्तर्वार्ता प्रश्नावली छुट्टाछुट्टै निर्माण गरिएको थियो ।

ख) **खुल्ला प्रश्नावली :** यस अध्ययनका लागि छनोटमा परेका शिक्षकहरुका लागि खुल्ला प्रश्नावलीको निर्माण गरी विद्यार्थीहरुलाई दण्ड दिनुपर्ने अवस्था, प्रयोग गरिने दण्डका प्रकारहरु, दण्ड दिईसकेपछि विद्यार्थीहरुको प्रतिक्रिया, कक्षाकोठालाई नियन्त्रण गर्ने उपायहरु, दण्ड पछि विद्यार्थीहरुको उपलब्धि, कमजोर विद्यार्थीहरुलाई सिकाइ सुधार गराउन गरिएका प्रयासहरु, दण्डको प्रयोग गर्दा आइ परेका समस्या र दण्ड सम्बन्धी शिक्षकको धारणा आदि क्षेत्रसँग सम्बन्धित कुरा समेटिएको थियो ।

ग) **कक्षा शिक्षण अवलोकन फाराम :** छनोटमा परेका सामुदायिक विद्यालयहरुका ३/३ वटा कक्षाहरु अप्रत्यक्ष तथा प्रत्यक्ष रुपमा अवलोकन गरिएको थियो । जसका लागि कक्षा अवलोकन फाराम निर्माण गरी त्यसमा शिक्षकले दिने दण्डका प्रकार, विद्यार्थीहरुको प्रतिक्रिया, शिक्षकले सिकाइमा विद्यार्थीलाई दिने हौसला, शिक्षण विधि, शिक्षकको विद्यार्थी सितको व्यवहार आदिको अवलोकन गरिएको थियो ।

## ३.४ साधनहरुको बैद्यता निर्माण

यस अध्ययनका लागि निर्माण गरिएका साधनहरु उपयुक्त तथा प्रभावकारी तुल्याउन शोधनिर्देशक ज्यू, अन्य शिक्षकहरु तथा सहपाठी साथीहरुसँग छलफल गरी निर्माण गरिएको थियो र निर्मित साधनहरुलाई शोध निर्देशक ज्यूको आवश्यक सल्लाह, सुझाव अनुरुप पुनः निर्माण तथा परिमार्जन गरी प्रयोग गरिएको थियो ।

## ३.५ सूचना संकलन विधि

छनोटमा परेका विद्यालय, प्र.अ., शिक्षक, विद्यार्थीहरु वा सम्बन्धित व्यक्तिबाट आफूलाई आवश्यक पर्ने सूचना संकलन गर्न निम्न अनुसार प्रक्रिया अवलम्बन गरिएको थियो ।

क.सर्वप्रथम प्रशासनिक रुपमा प्रमुख व्यक्ति वा प्र.अ. सँग भेटघाट गरी आफ्नो बारे प्रष्ट पारिएको थियो ।

ख. आफ्नो अध्ययन बारे प्रष्ट पारेपछि अनुमतिका लागि अनुरोध गरिएको थियो ।

ग. अनुमति पछि कक्षा शिक्षण अवलोकन फाराम सहित प्रत्यक्ष वा अपत्यक्ष रुपमा कक्षा अवलोकन गरी कक्षा शिक्षण रेकर्ड गरिएको थियो ।

घ. छनौटमा परेका विद्यार्थीहरुलाई भेटी प्रत्यक्ष रुपमा खुला अन्तर्वाता लिइएको थियो ।

ङ. कक्षाहरुको अवलोकन पश्चात छनोटमा परेका शिक्षकहरुलाई प्रश्नावली भर्नका लागि दिइएको थियो ।

च. छनोटमा परेका अभिभावकहरुलाई घरमा नै भेटगरी अन्तर्वाता लिइएको थियो ।

छ. अन्त्यमा प्र.अ., विद्यार्थीहरु, शिक्षक तथा अभिभावकलाई सहयोगका लागि धन्यवाद प्रकट गरिएको थियो ।

## ३.६ सूचनाको विश्लेषण र व्याख्या विधि

यस अध्ययनका लागि संकलन गरिएका विभिन्न प्रकारका सूचना एवं जानकारीहरु लाई अध्ययनको उद्देश्यहरु (प्राथमिक विद्यालयहरुमा दिइने दण्डको अवस्था, दण्डले सिकाइमा परेको प्रभाव पत्ता लगाउने र दण्ड सम्बन्धी सरोकारवालाहरुको धारणा खोजी गर्ने र दण्डले उत्पन्न गराएका समस्याहरु) लाई आधार मानी विभिन्न शीर्षक तथा उपशीर्षक अन्तर्गत राखी गुणात्मक प्रत्रिया अन्तर्गत व्याख्यात्मक विधिको प्रयोग गरिएको छ ।

# अध्याय चार

# सूचनाको विश्लेषण र व्याख्या

प्राथमिक विद्यालयमा दिइने दण्डहरु के कस्ता छन् ? बालबालिकाहरुलाई कुन कुन अवस्थामा दण्डाको प्रयोग गरिएको छ ? कस्ता कस्ता दण्ड दिइएका छन् ? र यसले सिकाइमा पारेको असर तथा उत्पन्न गराएका समस्याहरु के के छन् भन्ने मूलभूत उद्देश्यका साथ छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, विद्यार्थीहरु र अभिभावकहरुसँगको गहन अन्तर्वार्ता, शिक्षकहरुलाई प्रश्नावली र प्रत्यक्ष तथा अप्रत्यक्ष कषा शिक्षण अवलोकनबाट प्राप्त सूचनाहरु, धारणा एवं जानकारीहरुलाई गहन रुपमा विश्लेषण र व्याख्या गरिन्छ;

## ४.१ प्राथमिक विद्यालयमा दण्डको अवस्था

बालबालिकाहरुको सर्वाङ्गिण पक्षको विकास गर्नु आवाबाबु, घरपरिवार तथा समाजको ठूलो भूमिका हुन्छ भने त्यस भन्दा पनि महत्वपूर्ण भूमिका चाहिँ विद्यालयको रहन्छ, त्यसैले विद्यालय बालबालिकाको अन्तरनिहित प्रतिभा प्रस्फुटन गरी सर्वाङ्गिण विकास गराउने साझा फूलवारी हो । विद्यालयमा शिक्षाका आधारभूत तथा वैज्ञानिक सिद्धान्तहरु, नियमहरु, विशेषताहरु र प्रविधिहरुको उपयोग गर्दै सिकाइलाई अर्थपूर्ण प्रभावकारी एवं उद्देश्यमूलक बनाउन सक्षम हुनुपर्दछ । तर हाम्रो जस्तो विकाशोन्मुख देशमा शिक्षाको स्थिति पनि नाजुक नै देखिन्छ । विद्यालयहरुमा भौतिक सामग्री तथा सुविधाको अभाव छ, विद्यार्थीहरुको संख्या विद्यालयको क्षमता भन्दा वढी छ । शिक्षकहरुको अवाभ छ, भएका शिक्षकहरुमा तालिमको अभाव छ । आजको शिक्षाको बैज्ञानिक युगसम्म आइपुग्दा पनि हाम्रा विद्यालयहरुमा बालबालिकाहरुमाथि उचित व्यवहार, बालमनोविज्ञान अनुरुपको सिकाइ तथा बालमैत्री विद्यालयी वातावरण नभई परम्परागत शैली अनुरुप नै पठनपाठन कार्य संचालन हुँदै आएको पाइन्छ ।

प्राथमिक विद्यालयको कक्षा शिक्षणमा दण्डको अवस्था पहिचान गर्न छनोटमा परेका विद्यालयका प्रधानाध्यापकहरु, शिक्षक शिक्षिकाहरु, विद्यार्थीहरु तथा अभिभावकहरुबाट प्राप्त गरिएको सूचना, धारणा, एवम् प्रतिक्रिया तथा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा गरिएको कक्षा शिक्षणको अवलोकनबाट प्राप्त जानकारीलाई समष्टिगत रुपमा उल्लेख गरिन्छ ।

### ४.१.१ कक्षामा दण्डको प्रयोग गरिने अवस्थाहरु

कक्षा शिक्षण गर्दा शिक्षकहरुले बालबालिकाहरुलाई कुन कुन अवस्थामा वा कुन कुन कारणले दण्ड दिन्छन् ? भनि प्रधानाध्यापकहरुलाई राखिएको प्रश्नमा वा जिज्ञासामा उनीहरुले बालबालिकाहरुले एक आपसमा झै-झगडा गरेमा, सधै विद्यालय ढिलो गरी आएमा, बालबालिकाहरुले पढाइमा ध्यान नदिई विधसात्मक कार्य गरेमा, शिक्षकहरुले भनेको नमानेमा तथा कक्षामा बढी हल्ला गरेमा नियन्त्रण गर्न तथा उनीहरुको बानी व्यहोरा सुधार्नका निम्ति सामान्य किसिमका दण्डको प्रयोग गर्दछौं भन्ने प्रतिक्रिया दिएका छन् । यसरी हेर्दा प्र.अ.हरुका अनुसार बालबालिकाहरुले गरेका विभिन्न किसिमका गल्ति तथा कमजोरीका कारणले उनीहरुको दण्डित भइरहेका छन् भन्ने बुझिन्छ ।

यसैगरी शिक्षकहरुका अनुसार बालबालिकाहरुले कक्षामा पढाइमा ध्यन नदिइ हल्ला गरेमा, गृहकार्य तथा कक्षा नगरेमा, कक्षामा अनुशासित नभएमा, सधैं कक्षामा बद्मासी गरी राखेमा तथा कक्षामा कम उपस्थित भइरहने बालबालिकाहरुलाई गागी गर्ने तथा कहिलेकाहीँ शारीरिक दण्ड पनि दिने गरेको कुरा स्वीकार गरेका छन् कति शिक्षकहरुले आफुले दण्डको प्रयोग नगरेको बताएका छन् तर अप्रत्यक्ष रुपमा कक्षा अवलोकन गर्दा शिक्षकहरुले स-साना कुरामा पनि दण्डको प्रयोग गरेको पाइएको थियो जस्तै विद्यार्थीलाई प्रश्न सोध्दा उत्तर नजानेमा, गृहकार्य नगरेमा, बालबालिकाले अलि कति पनि हल्ला गरेमा, कक्षालाई नियन्त्रण गर्नु थुप्रै किसिमका गाली तथा शारीरिक दण्डको प्रयोग गरेको देखिएको थियो ।

विद्यार्थीहरुलाई यस सम्बन्धी राखेका प्रश्नमा उनीहरुले सरले सोधेको प्रश्नको उत्तर नजानेमा, भनेको नमान्दा गृहकार्य गनरेमा, पढाउँदा हल्ला गरेमा, कपि कलम तथा किताब नलिई विद्यालय आएमा सरले धेरै गाली गर्ने तथा कुट्ने गरेका छन् भन्ने जवाफ दिएका छन् । यसै सन्दर्भमा जनता प्रा.वि. का एक जना कक्षा ४ मा पढ्ने बालकले कुटाइ पाउनाको कारण यसरी बताए, "एक दिन म घरबाट विद्यालय जाँदा बाटोमा कलम हरायो त्यसदिन गणित पढाउने सरले कक्षामा हिसाव गर्न लगाउनु भयो तर मेरो कलम नभएकाले हिसाव गर्न सकिन त्यसैले मलाई सरले नराम्रोसँग गालु गर्दै कुट्नु भयो ।" यसबाट के स्पष्ट हुन्छ भने शिक्षकहरुले कारण नै नबुझी स-साना गल्तिमा पनि सजाय दिने गरेको देखिन्छ ।

यसै सन्दर्भमा अभिभावकहरुले शिक्षकहरुले राम्रो तरिकाबाट पढाउन नसक्दा, बालबालिकाहरुलाई भनेको मान्ने बनाउन, विद्यालयमा बालबालिकाहरुले गडवड गरेमा बालबालिकाहरुलाई दण्ड दिन्छन् भन्ने कुरा बताएका छन् । यसरी हेर्दा उनीहरुका अनुसार शिक्षकहरुमा भएका कमीकमजोरी र विद्यार्थीहरुले गरेका गल्तिका कारण दण्ड दिने गरेको कुरा पुष्टि हुन्छ ।

### ४.१.२ प्राथमिक विद्यालयमा दिइने दण्डका प्रकारहरु

विद्यालयमा विद्यार्थीका स-साना कमजोरी वा गल्तिलाईनकेलाई दण्डको प्रयोग गर्ने चलन पहिलेदेखि नै चलिआएको पाइन्छ । अध्ययनका सिलसिलामा प्राप्त विभिन्न सूचना, विचार, प्रतिक्रिया एवं जानकारीहरुलाई विश्लेषण गरी पाइएका वा विद्यालयमा प्रयोग गरिएका दण्डका प्रकारहरुलाई निम्न लिखित रुपमा वर्गीकरण गर्न सकिन्छ ।

#### ४.१.२.१ शारीरिक सजायहरु

बलबालिकाहरुलाई शारीरिक रुपमा असर पर्ने वा पीडा हुने किसिमका सजायलाईशारीरिक सजाय भनिन्छ । प्राथमिक विद्यालयहरुमा शारीरिक

सजायहरुको प्रयोग विभिन्न रुपबाट हुने गरेको देखिन्छ । प्राथमिक विद्यालयका प्रधानाध्यापकहरुलाई तपाईको विद्यालयमा के-कस्ता शारीरिक दण्डको प्रयोग गरिन्छ ? भनि राखेका प्रश्नमा उनीहरुले बालबालिकाहरुलाईशारीरिक दण्ड दिने काम पहिले तुलनामा निकै कम भइसकेको छ तर पनि शिक्षकहरुले सामान्य किसिमका उठवस गर्न लगाउने, उभ्याउने, चोटपटक नलाग्ने गरी हातले हान्ने गरेको कुरा बताएका थिए । आफुहरुले बालबालिकाहरुलाई शारीरिक सजाय नदिएको लागि सल्लाह दिने गरेको बताए पनि अधिकांस बालबालिकाहरुले दण्डको बढी प्रयोग हेडसरले गर्ने गरेको कुरा बताएका थिए ।

यसैगरी शिक्षक शिक्षिकाहरुले पनि आफूहरु कम भन्दा कम शारीरिक सजाय दिने कुरा बताए । उनीहरुले बालबालिकाहरुलाई कान समातेर उठबस गर्न लगाउने, गल्ति नगर्न प्रतिबद्ध गराउने तथा कहिलेकाँही सामान्य किसिमले पिट्ने गरेको कुरा बताएका छन् तर अप्रत्यक्ष रुपमा गरिएको कक्षा अवलोकनमा केही शिक्षकहरुले थप्पडले गाला तथा पिट्युमा हिर्काएको, लट्ठी समातेरै शिक्षण गरेको, कान तानेको, रौ उखेलेको देखिएको थियो ।

विद्यार्थीहरुलाई तिमीहरुलाई सरहरुले के कस्ता शारीरिक सजाय दिनुहुन्छ ? भनि प्रश्न सोध्दा उनीहरुले मुर्गा बनाउने, कान समातेर उठवस गर्न लगाउने, लट्ठिले हातमा खुट्टामा हान्ने, डस्टरले हान्ने, हातले गाडामा र पिट्युमा हान्ने, कान तान्ने, रौं उखेल्ने, गालामा चिमोट्ने एक अर्काको टाउको ठोक्काउने गर्दछन् भन्ने कुरा बताए तथा उनीहरुले कुनै सरले धेरै कुट्ने र कुनैले काम र कसैले नकुट्ने कुरा बताएका छन् ।

यसरी हेर्दा प्रधानाध्यापक तथा शिक्षकहरुले बालबालिकाहरुलाई शारीरिक नदिने वा दिए पनि सामान्य किसिमले दिने कुरा बताए पनि विद्यार्थीहरुका अनुसार तथा अप्रत्यक्ष रुपमा गरिएको कक्षा अवलोकनबाट बालबालिकाहरुले थुप्रै किसिमका शारीरिक सजायहरु पाउने गरेको देखिन्छ ।

### ४.१.२.२ मनोवैज्ञानिक सजायहरु

शारीरिक रुपमा कुनै छाप चोटपटक वा चिन्ह विहिन भएपनि बालबालिकाको मानसपटलमा नै असर पुग्ने खालका सजायलाई मनोवैज्ञानिक सयाज भनिन्छ । यस्ता खालका सजायहरु शारीरिक सजाय भन्दा पनी बढी खतराजनक मानिन्छ । यसलाई न बालबालिकाहरुले व्यक्त गर्न सक्दछन् न अभिभावकहरुले नै मूल्याङ्कन गर्न सक्दछन् । विद्यालयमा यस्ता सजाय विभिन्न रुपबाट दिने गरेको पाइन्छ । शिक्षकहरुमा तालिम तथा बालमनोविज्ञान सम्बन्धी ज्ञानको अभावका कारण यस्ता सजायहरुको प्रयोग बढी भएको पाइन्छ ।

प्रधानाध्यापकहरुलाई तपाईको विद्यालयमा के कस्ता मनोबैज्ञानिक सजायहरु दिने गरिएको छ ? भनि सोध्दा उनीहरुले बालबालिकाहरुलाई सही बाटोमा ल्याउन, अनुशासित बनाउन तथा बानी व्यहोरामा सुधार्न गाली गर्ने, थर्काउन, कडा निर्देशन दिने गरेको कुरा स्वीकार गरेका छन् । आफूहरुले शिक्षकहरुलाई सजाय दिँदै पर्ने अवस्था आएमा पनि शारीरिक सजाय नदिइ गाली गर्ने थर्काउने तथा सम्झाउने सल्लाह दिने गरेको कुरा उनीहरुले व्यक्त गरे ।

यसैगरी शिक्षकहरुले पनि कक्षाकोठा नियन्त्रण गर्न, गाली गर्नु पर्ने, थर्काउनु पर्ने बाध्यता रहेको नत्र बालबालिकाहरुले नटेर्ने कुरा बताए । शिक्षकहरुले बालबालिकाहरुलाईसामान्य किसिमका गाली तथा व्यवहार

गर्ने कुरा बताए पनि अप्रत्यक्ष कक्षा अवलोकन गर्दा शिक्षकहरुले निरंकुश शैलीमा शिक्षण गरेको देखियो । शिक्षकले बालबालिकाहरुलाई होच्याएर, निरुत्साहित हुने गरी, अपमान हुने गरी मुर्ख, बद्मास जस्ता शब्दको प्रयोग गरेको गाली गर्दा जनावरहरुको उपमा जस्तै गधा, कुकुर, बाँदर भनेको कक्षाबाट निकालिदिन्छु, परीक्षामा फेल गराइदिन्छु भन्ने जस्ता धम्कीहरु पनि दिएको, कडा स्वरले विभिन्न रुपमा थर्काएको पाइयो ।

विद्यार्थीहरुका अनुसार शिक्षकहरुले नराम्रो शब्दको प्रयोग गरी गाली गर्ने, काले, फुच्चे, उल्ले, कुकुर गधा बाँदर भनि गाली गर्ने, गृहकार्य नगरी आए कक्षाबाट निकालिदिने, उभ्याउने, मुर्गा बनाउने तथा पिट्ने भनेर धम्की दिने, उक्त साथीहरुबाट गिज्याउन लगाउने कुरा बताएका थिए ।

माथिका प्रतिक्रियाहरुबाट के प्रष्ट हुन्छ भने हाम्रा विद्यालयहरुमा थुप्रै किसिमका मनोवैज्ञानिक सजायहरुको प्रयोग भैरहेको छ । जुन कुरा प्र.अ. शिक्षकहरुले पनि स्वीकार गरेको देखिन्छ । उनीहरुले मनोवैज्ञानिक सजायहरुलाई शारीरिक सजायको विकल्पको रुपमा पनि प्रयोग गर्ने गरेको देखिन आउँछ अथवा यस्ता सजायले बालबालिकामा पार्ने असर सम्बन्धी शिक्षकलाईज्ञान नहुँदा यसको बढी प्रयोग भएको देखिन्छ ।

### ४.१.३ अप्रत्यक्ष वा प्रणालीगत सजाय

हाम्रो देशमा चलेको परम्परागत शिक्षा प्रणालीका कारण पनि कतिय बालबालिकाहरु अप्रत्यक्ष रुपमा दण्डित भएका पाइन्छन् । शिक्षा व्यवस्थाले विभिन्न किसिमका विविधताहरुलाईध्यान नदिई केन्द्रिकृत पाठ्यक्रम प्रणालीका कारण यस प्रकारका सजायहरु उत्पन्न भएका छन् जसले बालबालिकाको

सिकाइ तथा शिक्षाप्रतिको उत्साहलाई निरुत्साहित पार्ने गर्दछ । अध्ययन क्षेत्रमा थारु बलबालिका वाहुल्य भएको क्षेत्र हो । उनीहरुको मातृभाषा थारु हो तर यहाँका प्राथमिक विद्यालयमा शिक्षण भाषा नेपाली छ जसले गर्दा उनीहरुले शिक्षण भाषा नबुझ्नी थुप्रै समस्या भएको देखिन्थ्यो ।

यस सम्बन्धी एउटा सन्दर्भ कक्षा अवलोकनको क्रममा कक्षा ३ को नेपाली बिषयको कक्षा थियो त्यहाँ नेपाली शब्दहरुको शुद्ध उच्चारण गर्नुपर्ने थियो र विद्यार्थीहरुलाई एक एक गरी उच्चारण गर्न लगाइएको थियो त्यहाँ थारु भषिका बालबालिकाहरुलाई उच्चारण गर्न निकै गाह्रो भएको थियो । यसबाट के थाहा हुन्छ  भने नेपाली बाहेक अन्य भाषिका विद्यार्थीहरु शिक्षाको माध्यम भाषाका कारण पनि अप्रत्यक्ष रुपमा दण्डित छन् । त्यसैगरी अवलोकित विदालयका कक्षाकोठाहरुमा विद्यार्थीहरुको संख्या अधिक थियो । त्यहाँ उचित किसिमले बस्ते व्यवस्था थिएन, बालबालिकाहरु चेप्टोएर बसेका थिए डेस्कहरु थिएन काखमा झोला राखेर बसेको अवस्था थियो । यसले गर्दा पनि बालबालिकाहरुलाई निकै अप्ठ्यारो परेको देखिन्थ्यो वा उनीहरुमा बस्नको समस्याले गर्दा पनि मानसिक तथा शारीरिक रुपमा अप्रत्यक्ष दण्डित भएको देखिन्थ्यो । त्यसैगरी प्रा.वि. तहका लागि तालिम योग्य वा बालमनोविज्ञानको ज्ञान भएका शिक्षकहरुको व्यवस्था नहुनु, पाठ्यपुस्तकहरुमा भएका पक्षपातपूर्ण विषयवस्तुका कारण शिक्षणमा प्रयाप्त शैक्षिक सामग्री अभाव बालमैत्री वातावरण निर्माणमा ध्यान नजानुका कारणले पनि बालबालिकाहरु विद्यालय प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा दण्डित भएका देखिन्छन् ।

यसरी हेर्दा प्राथमिक विदालयको कक्षा शिक्षणमा दण्डको प्रयोग धेरै मात्रामा प्रयोग पाइन्छ । विभिन्न बहानामा वा निहुँमा शिक्षकहरु बाट बालबालिकाहरु निरन्तर दण्डित भइरहेका छन् । पहिले पहिले तुलनामा शारीरिक किसिमका दण्डहरुको प्रयोग कम हुँदै गएको भए पनि मनोवैज्ञानिक दण्डको प्रयोग दिन प्रतिदिन बढ्दै गएको देखिन्छ । यस्ता शारीरि तथा मानसिक दण्डहरु तथा

दुर्व्यवहारहरु वास्तवमा वा अवैधानिक र बालबालिकाको हित प्रतिकुल छन् । यी सम्पूर्ण पक्षलाई हेर्दा वा विदालयमा दण्डको अवस्था देख्दा विद्यालयहरु यातना शिविर जस्तो भएको भान हुन्छ ।

## ४.२ दण्डले सिकाइमा पारेका असर सम्बन्धी धारणा

प्राथमिक विद्यालयहरुमा बालबालिकाहरु कुन कुन अवस्था के-कसरी दण्डित हुन्छन् ? भन्ने कुरा यस अगाडि उल्ले.ख गरी सकिएको छ । बालबालिकाहरु जे जसरी दण्डित भए पनि यसको असरलाई नर्क मिल्दैन । शारीरिक रुपमा दिइएको दण्डले पारेको असरलाई त सबैले थाहा पाउन वा बुझ्न सक्दछन् तर मनोबैज्ञानिक रुपमा दिइने दण्डले कति असर पुऱ्याउँछ ? भन्ने कुरा बुझ्न निकै गाह्रो छ जसको मूल्याङ्कन पनि गर्न सजिलो छैन । विद्यार्थीहरुलाई मनोवैज्ञानिक दण्ड दिँदा पर्ने असरका बारेमा ज्ञान नभए पनि वा अन्जानमा कति शिक्षकहरुद्वारा यसको प्रयोग बढी गरेको पाइन्छ ।

विद्यालयमा दिइने दण्डले बालबालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक तथा सामाजिक विकासमा पार्ने असरले उनीहरुको समग्र व्यक्तित्वलाई नै असर पुग्ने हुन्छ ।

छनोटमा परेको विद्यालयका प्रधानाध्यापक, शिक्षक शिक्षिकाहरु विद्यार्थीहरु तथा अभिभावकहरुसँग दण्ड दिँदा विद्यार्थीहरुको सिकाइमा के कस्तो असर पुगेको देख्नु हुन्छ ? भनि राखिएका विभिन्न जिज्ञासाहरुको जवाफलाई केलाएर हेर्दा यसलाई निम्न रुपमा उल्लेख गर्न सकिन्छ :

### ४.२.१ दण्डको सिकाइमा सकारात्मक असर

बालबालिकाहरुलाई दण्ड दिदा उनीहरुले सिकाइ तथा पढाइमा के कस्ता सकारात्मक असर पुगेको देख्नुहुन्छ ? भनी सोधेको प्रश्नको जवाफमा प्रधानाध्यापकहरुले सुधारात्मक तथा सचेततापूर्वक दिएका दण्डले बालबालिकाहरुको पठनपाठन कार्यमा ध्यान गएको तथा बानी व्यहोरामा

सकारात्मक सहयोग पुग्ने गरेको कुरा बताएका छन् । बालबालिकाहरु सजाय पाइन्छ भन्ने डरले बद्‌मासी नगर्ने, अनुशासित हुने, समयमै विद्यालय आउने तथा अनावश्यक हल्ला नगर्ने जस्ता सकारात्मक असर पर्ने गरेको कुरा व्यक्त गरेका छन् ।

यसै सम्बन्धमा शिक्षकहरुले पनि कहिल्यै सहकार्य नगर्ने विद्यार्थीले गृहकार्य गरेको, कक्षामा अनावश्यक हल्ला नगर्ने, अनुशासित भएर बस्ने, पढाइतिर ध्यान केन्द्रित गर्ने जस्ता सकारात्मक पक्षलाई औंल्याएका छन् यसै सन्दर्भमा श्री रा.प्रा.वि. का एक पाको उमेरका शिक्षकले गर्भका साथ यस्तो बताए, “जे गरे पनि दण्ड विना कक्षा नियन्त्रण नै हुँदैन, विद्यार्थीहरु टेर्दैनन्, पढाइमा ध्यानै दिँदैनन् भने नपिटि कसरी सुध्रन्छन् त ?हामी विद्यार्थी हुँदा अनुशासन कायम थियो तर आज भोलीका बालबालिकाहरु अनुशासित नै छैनन् ।”

अभिभावकहरुले पनि दण्डका केही सकारात्मक असरहरु बताएका छन् बालबालिकाहरु सजाय पाइने डरले घरमा पढ्ने, गृहकार्य गर्ने, समय मै विद्यालय जाने, घरमा गडवड गर्दा “सरलाई भनिदिन्छु” भन्दा नगर्ने आदि तर सजाय दिदा शिक्षकहरुले विचार गरेर सुधारात्मक किसिमले दिनु पर्दछ भन्ने उनीहरुको प्रतिक्रिया छ ।

यसरी माथिका प्रतिक्रिया हेर्दा बालबालिकाहरुलाईसचेतपूर्वक सुधारात्मक तवरले दिएका दण्डले उनीहरुको पढाइमा सहयोग पुग्ने तथा नराम्रा बानी व्यवहार हटाइ सुधार आउने जस्ता सकारात्मक असर पर्ने गरेको पाइन्छ ।

### ४.२.२ दण्डको सिकाइमा नकारात्मक असर

विद्यालयका प्रधानाध्यापकहरु सँग बालबालिकाहरुलाई दण्ड दिँदा सिकाइ तथा पढाइमा कस्तो नकारात्मक असर पुगेको देखिन्छ , भनि सोधिएका प्रश्न तथा जिज्ञासाहरुको जवाफमा उनीहरुले दण्ड आफैमा नराम्रो कार्य भएकाले यसका थुप्रै नकारात्मक असरहरु रहेका छन् । बालबालिकाहरु दण्ड दिने शिषक सँग

सधै डराउने, नजानेका कुरा सोध्न नसक्ने, दण्ड दिने शिक्षकको आदर नगर्ने, दण्ड पाउने विद्यार्थीहरु विद्यालयमा कम उपस्थित हुने तथा बीचैमा विद्यालयबाट भाग्ने गर्दछन् त्यसैगरी विद्यार्थी र शिक्षक बीच सुमधुर सम्बन्ध नहुने हुन्छ भने शारीरिक किसिमका दण्डले बालबालिकामा पीडा बोध भई शिक्षक तथा पढाइप्रति नै नराम्रो धारणा बन्ने जस्ता नराम्रा असरहरु परेका छन् भनि प्रतिक्रिया व्यक्त गरेका छन् ।

यसैगरी शिक्षक शिक्षिकाहरुका अनुसार दण्ड दिनाले बालबालिकाहरु कक्षामा निष्कृय तथा चुपचाप भइ बस्ने, आफुले नजानेको कुरा सोध्न डराउने, पढाइप्रति उत्साहित नहुने, सृजनात्मक पक्षको विकास नहुने, शारीरिक रुपमा चोट पटक लाग्दा नराम्रो भावनाको विकास हुने, कक्षामा पढाएको बुझ्न नसक्ने र बढी सजाय पाउने विद्यार्थीको उपलब्धि स्तर पनि घट्दै गएको जस्ता नराम्रा असरहरु परेको कुरा बताएका छन् । यस सम्बन्धमा रा.प्रा.वि.का एक जना शिक्षिकाले “साना कक्षाहरुमा दिण्ड दिदा बालबालिकाले सिकाएको केही बुझ्दैनन किनकी उनीहरुको दिमागमा डर उत्पन्न भइसकेको हुन्छ जसले गर्दा उनीहरु हतोत्साही देखिने र कुटाइ खानबाट कसरी बच्न सकिन्छ भनी सोचमग्न भएका हुन्छन् ।” भनि प्रतिक्रिया दिएकि थिइन ।

अभिभावकहरुलाई दण्डको नकारात्मक असर सम्बन्धी जिज्ञासा राख्दा बालबालिकाहरुले शिक्षकलाई आदर नगर्ने, घरमा विद्यालयमा दिएको दण्डको बदलाको भावना लिने, विद्यालय जान नमान्ने, बीचमै विद्यालयबाट भाग्ने, पढाइप्रति घरमा चिन्तित भइरहने जस्ता नराम्रा असर देखिएको कुरा उल्लेख गरेका छन् । यस सम्बन्धमा विद्यार्थीहरुले पनि आफुलाई पिट्ने सरसँग डर लाग्ने, प्रश्न सोध्न पनि डर लाग्ने, विद्यालय आउन मन नलाग्ने, सरले पिट्दा साथीहरुले जिस्काउने गरेको कुराहरु बताएका छन् ।

यसरी समग्रमा हेर्दा दण्ड दिदा बालबालिकाहरुलाई सकारात्मक असर भन्दा बढी नकारात्मक असर पर्ने कुरामा सबैको सहमति देखिन्छ त्यसैले शिक्षकहरुले

बालबालिका कम दण्ड दिइ शिक्षण गर्ने कुरा बताएका छन् भने अभिभावकहरुले पनि बालबालिकाहरुलाई शारीरिक तथा मानिसक रुपमा असर नपर्ने गरी बालबालिकाहरुलाई सिकाउनु पर्ने धारणा राखेका छन् ।

## ४.३ दण्डले उत्पन्न गराएका समस्याहरु

दण्ड बालबालिकाहरुको सिकाइमा मात्र असर पुऱ्याउने नभइ यसले विद्यालयमा समाजमा ठूलठूला समस्या समेत पार्ने गर्दछ । विभिन्न संचारमा तथा पत्रपत्रिकाहरुमा विद्यालयमा दिइएको सजायका कारण विद्यार्थीले आत्महत्या गरेको, हात भाँचिएको, कानको जाली फुटेको, बालबालिकाहरु बेहोस भई अस्पताल भर्ना गरेको समाचारहरु बेलाबेला बढ्न तथा सुन्न पाइन्छ । जसले गर्दा जनमानसमा शिक्षक तथा शिक्षण पेशा प्रति औला ठऱ्याएको देखिन्छ ।

विद्यालयमा बालबालिकाहरुलाई दण्ड दिदा उत्पन्न भएका समस्याहरु के के छन् ? भनि प्रधानाध्यापकहरुलाई सोधिएको प्रश्नको जवाफमा उनीहरुले दण्ड दिदा बालबालिकाहरु विद्यालयमा कम उपस्थित हुने, विद्यालय नै छोडेर जाने, शिक्षक र विद्यार्थी बीच सुमधुर सम्बन्ध नहुने, विद्यालय र अभिभावक बीचमा नराम्रो सम्बन्ध हुने, विद्यार्थीमा डर उत्पन्न हुने हुँदा सिकाइमा उत्साही नहुने जस्ता समस्याहरु देखिने गरेका छन् भनि बताएका छन् भने शारीरिक रुपमा दिइएका सजायका कारण बालबालिकाहरुमा चोटपटक लाग्दा अभिभावकहरुका गुनासाहरु आउने, शिक्षण पेशा नै अमयार्दित हुने जस्ता समस्याहरु आउने गरेको कुरा बताएका छन् । यसै सन्दर्भमा श्री ज.रा. प्रा.वि.का प्रधानाध्यापक हिरालाल साहले केही वर्ष अघिको घटनालाई यसरी बताउनु भयो, “एक जना शिक्षकले कक्षामा पढाउने क्रममा कक्षा ३ मा पढ्ने एक बालकलाई हल्ला गरेको भन्दै गालामा थप्पडले हिर्काउँदा डाम बस्न गएको त्यसपछि बालकका अभिभावहरु विद्यालयमा आइ शिक्षक माथि नै हातपात गर्दा तनाव सृजना भई करिब १ हप्तासम्म विद्यालय नै बन्द गर्नु परेको थियो । पछि सो शिक्षकको अन्तै सरुवा गराएपछि समस्या समाधान भएको हो ।”

यसै गरी शिक्षकशिक्षिकाहरुलाई दण्डले उत्पन्न गराएका समस्याहरु के के छन् ? भनि सोध्दा उनीहरुले शिक्षक र विद्यार्थीबीचको सम्बन्ध नराम्रो हुने, उनीहरुमा शिक्षकप्रति नराम्रो धारणाको विकास भइ सिकाइप्रति वितृष्णा जाग्ने, अभिभावकहरुका गुनासाहरु आउने, शिक्षकको बालबालिका तथा अभिभावकले मर्यादा नगर्ने जस्ता समस्या आउने । गरेको बताएका छन् । त्यसैगरी उनीहरुले बालबालिकाहरुलाईदण्ड दिइसके पछि आफुमा आत्मग्लानी हुने गरेको र बढी दण्ड पाउने विद्यार्थीलाई जति दण्ड दिए पनि बानि व्यहोरामा सुधार नआएको जस्ता समस्या आएको प्रतित्रिया व्यक्त गरेका छन् ।
अभिभावकहरुलाई तपाईको छोराछोरीलाई सजाय दिदा के कस्ता समस्याहरु आइपरेका छन् ? भनि प्रश्न राख्दा उनीहरुका अनुसार बालबालिकाहरु सरले कुट्छन् भनि विद्यालय जानै नमान्ने, विद्यालयममा पाएको सजायको बदूला घरमा रिसाउने झर्किने गडवड गर्ने, विद्यालयमा गएर सरलाई नपिट्नका लागि भनि दिन भनि आग्रह गर्ने, आफुभन्दा ठूला तथा शिक्षकहरुलाई आदर नगर्ने, विद्यालयमा दण्ड दिदा त्यो विद्यालयमा पढ्दैन अर्को विद्यालयमा पढाउन दवाव दिने तथा शारीरिक रुपमा दिएका दण्डले बालबालिकाहरु घरमा आई पीडा भएको भनि रुने कराउने र उपचार गर्नु पर्ने जस्ता समस्याहरु आउने गरेका छन् भनि जवाफ दिएका छन् ।

यसरी हेर्दा दण्डको प्रयोगले विद्यालय समय समयमा समस्या उत्पन्न गराएको, कहिलेकाहीँ गम्भिर प्रकृतिको समस्या पनि आउने कुरा बताए भने शिक्षिकाहरुले पनि दण्ड तथा बालबालिकाप्रति गरिने व्यवहारका कारण शिक्षण पेशा नै अर्मयादित भएको कुरा बताएका छन् । त्यसैगरी अभिभावकहरुले पनि विद्यालयमा उचित किसिमले पढाइ नगर्दा थुप्रै समस्या आउने गरेको गुनासाहरु राखे । बालबालिकाहरुलाई दण्ड दिदा उनीहरुको शारीरिक, मनोबैज्ञानिक तथा सामाजिक पक्षमा असर पुग्ने गरेको कुरामा सबैको सहमति देखिन्छ ।

## ४.४ दण्ड न्यूनीकरणका लागि गरिएका प्रयासहरु

दण्ड निरुत्साहित गर्नका लागि वा दण्डबाट उत्पन्न भएका समस्याहरु समाधान गर्न के कस्ता प्रयास गर्नु भएको छ ? भनि प्रधानाध्यापकहरुलाई राखिएको प्रश्नमा उनीहरुले शिक्षकहरुलाई दण्ड नदिइकनै शिक्षण गर्न सल्लाह एवं निर्देशन दिने गरेको, लठ्ठी विना कक्षाकोठामा जान सल्ला दिएको तथा दण्ड दिदा उत्पन्न भएका समस्या समाधान गर्न अभिभावक तथा विद्यार्थीहरुबाट गुनासाहरु आउदा अब देखि दण्ड नदिने भनि प्रतिबद्धता व्यक्त गरेको कुरा बताएका थिए यस सन्दर्भमा एक जना प्र.अ.ले "आगामी दिन देखि बढी सजाय दिने शिक्षकहरुको कक्षा अप्रत्यक्ष रुपमा निरीक्षण गर्ने र कठोर दण्ड दिएको पाइएमा कडा निर्देशन दिने योजना रहेको छ" भनी बताउनु भयो ।

शिक्षक शिक्षिकाहरुले पनि समय अनुरुप शिक्षण गरिरहेको पहिले तुलनामा दण्ड दिने काम निकै कम भइसकेको र अगामी दिनमा पनि बालबालिकाहरुलाई असर नपर्ने गरी सम्झाइ बुझाइ उनीहरुको इच्छा आकांक्षा तथा समस्या बुझी शिक्षण गर्ने कुरा अधिकांश शिक्षकहरुले बताएका थिए । बालबालिकाहरुसँग तिमीहरुलाई शिक्षकले दण्ड दिदा प्र.अ. तथा आमा बुबालाईभन्ने गरेको छ कि छैन भनि सोध्दा उनीहरुले हेडसर भन्दा त झन बढी पिटाई खाइने भएकोले भन्ने गरेको छैन भने कोहीकोहीले घरमा आमाबुबालाई भन्ने गरेको छ भन्ने जवाफ दिएको थिए ।

अभिभावकहरुले पनि सामान्य सजाय दिदा बालबालिकाहरुले घरमा भन्ने गरेको छैनन् तर कहिलेकाहीँ कुटाइ पाए पछि भन्ने गर्दछन् र कोहीले आफूहरु विद्यालयमा गई सरहरुलाई गुनासो समेत गरेको बताएका छन् । गुनासो गरे पछि दण्ड कम दिने गरेको कुरा पनि व्यक्त गरेको छन् ।

यसरी हेर्दा दण्डलाई निरुत्साहित गर्न प्र.अ., शिक्षक विद्यार्थी तथा अभिभावकहरुबाट पनि केही प्रयास भएको त देखिन्छ । तर पनि यस सम्बन्धी उचित व्यवस्था नहुँदा, शिक्षकहरुलाई तालिमको अभाव अथवा विना सजाय

शिक्षण गर्ने विधि तथा प्रविधिको ज्ञान नहुँदा र अभिभावकहरु पनि यस सम्बन्धी बढी सचेत नभएका कारणले दण्ड न्यूनीकरणका लागि ठोस कार्य हुन सकेको देखिदैन ।

## ४.५ दण्डको आवश्यकता सम्बन्धी धारणाहरु

दण्ड आफैमा अनुचित कार्य हो । यसले बालबालिकाहरुमा पार्ने असरहरु तथा निम्त्याउने समस्याहरुका बारेमा यस अगाडि नै चर्चा गरिसकेको छ । यहाँ के दण्डको आवश्यक्ता छ त ? भनि सोधिएको प्रश्नको जवाफमा सरोकारवालाहरु (प्रधानाध्यापक, शिक्षक-शिक्षिका, विद्यार्थीहरु तथा अभिभावकहरुका धारणाहरुलाई समेटिएको छ ।)

प्रधानाध्यापकका प्रतिक्रिया विद्यालयहरुमा दण्ड दिने चलन परम्परागत रुपमा नै चलि आएको छ जुन एक नराम्रो कुरा हो । यसलाई कम तथा निरुत्साहित गर्नु पर्दछ केही मात्रामा दण्डको आवश्यक्ता भएता पनि शारीरिक तथा मानसिक रुपमा असर पुग्ने खालका दण्ड दिनु हुदैन । शिक्षकहरुले दण्डको प्रयोग सट्टा बालमनोविज्ञान बुझि शिक्षण गर्नुपर्दछ । बालबालिकाहरुलाई उत्साहित गरी रमाइलो कक्षा वातावरण सृजना गर्नु पर्दैछ जसले गर्दा बालबालिकाहरु सिक्नमा रुची राख्दछन् । यदि शिक्षकले बालबालिकालाई उत्साहित गरी आवश्यक सल्लाह सुझाव तथा निर्देशन दिइ शिक्षण गर्न सके दण्डको आवश्यकता छैन, आफूहरु दण्डलाई निरुत्साहित गर्न प्रयास गर्ने भन्ने प्रतिक्रिया प्रधानाध्यापकहरुले व्यक्त गरेका छन् ।

शिक्षकको प्रतिक्रिया शिक्षक शिक्षिकाहरुका अनुसार विद्यालयमा दण्डलाई निरुत्साहित गर्नु पर्दछ तर यसका लागि सबै शिक्षकहरुले ध्यान दिनुपर्दछ एक शिक्षक दण्ड दिने र अर्कोले दण्ड नदिँदा दण्ड नदिने शिक्षकहरुलाई बालबालिकाले नटेर्ने, हल्ला गर्ने हुन्छन् जसले गर्दा शिक्षण गर्न कठिनता हुने गर्दछ । त्यसैले विद्यार्थीहरुलाई दिइने सजाय नियन्त्रण गर्न सम्पूर्ण शिक्षकहरुले बराबर भूमिका हुनुपर्दछ । शिक्षकले शिक्षण गर्दा दण्डको बैकल्पिक विधिहरु

पनि अवलम्बन गर्न सकिन्छ तर यसका लागि सबै शिक्षकहरु तथा विद्यालयले उपयुक्त शैक्षिक वातावरण तथा सामग्रीको व्यवस्थापन गर्नु पर्दछ । बालबालिकाको भावनामा असर पुऱ्याउने तथा शारीरिक रुपमा असर पुऱ्याउने किसिमका दण्डको आवश्यकता हुँदैन भन्ने धारणा राखेको थिए ।

विद्यार्थीको प्रतिक्रिया विद्यार्थीहरुले आफूलाईदण्ड दिँदा ज्यादै रीस उठ्ने, पढ्न मन नलाग्ने र साथीहरुले जिस्काउने गर्दछ, कहिलेकाहिँ विना कारण पनि कुटाई पाइन्छ भन्ने प्रतिक्रिया दिए त्यसै आफूलाई कुट्ने शिक्षक मन नपर्ने, जुन शिक्षकले राम्ररी बुझाएर नपिटी पढाउँछ त्यो शिक्षक बाणी मन पर्दछ । एक विद्यार्थीले भने 'म पनि ठूलो भए पनि सर भएर विद्यार्थीलाई कुट्ने छु' भनि बताएका छन् । यसमा के बुझिन्छ भने दण्ड प्रयोग गर्ने शिक्षकहरुलार्य विद्यार्थीहरुले नरुचाउने गर्दछन् । त्यसैले दण्ड दिनु ठिक होइन भन्ने धारणा उनीहरुले राखेका छन् ।

अभिभावकको प्रतिक्रिया यसै सम्बन्धी अभिभावकहको प्रतिक्रिया लिँदा केहि अभिभावकहरुले विद्यार्थीहरुलाई सुधार्न, नराम्रा बानी व्यहोरा हटाउन दण्डको प्रयोग गर्नु पर्दछ । दण्ड नदिँदा विद्यार्थीहरुले घरमा भनेको नमान्ने त गर्दछन् तर पनि चोटपटक लाग्ने गरी भने सजाय दिनु हुँदैन भन्ने धारणा राख्ने भने धेरैले विद्यालयमा विद्यार्थीहरुले गल्टि गरेमा पनि दण्ड नदिइ राम्ररी सम्झाइ बुझाई पढाउनु पर्दछ बालबालिकालाईविद्यालयमा नराम्रा शब्दको प्रयोग गरी गाली गर्नाले घरमा पनि बालबालिका त्यस्ता शब्दहरु प्रयोग गर्ने गर्दछन् । त्यसैले गाली पनि गर्नु हुँदैन । बालबालिकाहरुले सबै कुरा जानेका बुझेका हुँदैनन्, गल्ति गर्दछन्, चन्चले हुन्छन्, हल्ला गर्दछन् त्यसो गऱ्यो भन्दैमा दण्ड दिनु भनेको शिक्षकहरुमा शिक्षण गर्ने तरिका नभएको भन्न सकिन्छ त्यसैले बालबालिकाहरुको भविष्यलाई असर पार्ने किसिमका दण्डहरुको आवश्यक्ता नभएको विचार व्यक्त गरेका छन् ।

माथिको विचार तथा प्रतिक्रिया अनुसार प्रधानाध्यापकहरुले शिक्षकमा कौशलता भएमा दण्ड नदिई पनि शिक्षण गर्न सक्ने बताएका छन् भने शिक्षकहरुले सबै शिक्षकहरुको सामुहिक प्रयास तथा उचित विद्यार्थी वातावरण भएमा बालबालिकालाई सजाय विना पनि शिक्षण गर्न सकिने कुरा बताएका छन् । त्यसैगरी अभिभावकहरुले पनि बालबालिकालाई सजाय होइन सम्झाइ बुझाइ पढाउनु पर्छ भन्ने धारणा छन् यसरी हेर्दा बालबालिकाहरुको शारीरिक तथा मनोवैज्ञानिक पक्षमा असर पुऱ्याउने दण्ड दिनु हुँदैन जसले उनीहरुको सुन्दर भविष्यमा आघात पुग्छ ।

# अध्याय पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

प्राथमिक विद्यालयको कक्षा-शिक्षणमा दण्डको स्थिति नामक यस अध्ययनका लागि सिरहा जिल्लाको रामनगर मिर्चैया नगरपालिका अन्तर्गत पर्ने ३ वटा सामुदायिक प्राथमिक विदालयहरुको छनोट गरिएको थियो । यी विद्यालयहरुबाट छनोटमा परेका प्रधानाध्यापकहरु, विद्यार्थीहरु तथा अभिभावकहरुसँगको गहन अन्तर्वार्ता, शिक्षकलाई भर्न लगाइएको खुल्ला प्रश्नावली तथा अप्रत्यक्ष र प्रत्यक्ष रुपमा गरिएका कक्षा शिक्षण अवलोकनका माध्यमबाट प्राप्त भएका सूचना, विचार, प्रतिक्रिया तथा जानकारीहरुको गहन व्याख्या तथा विश्लेषण पश्चात यस अध्ययनका संक्षेपमा निम्न लिखित प्राप्तिहरु रहेका छन् जसलाई बुँदागत रुपमा प्रस्तुत गरिन्छ ।

प्राथमिक विद्यालयहरुमा सबै शिक्षकहरुले दण्डलाई कुनै न कुनै रुपमा प्रयोग गर्ने गरेको तर केहि शिक्षक शिक्षिकाहरुले शारीरिक तथा मानिसक दण्ड अत्याधिक प्रयोग गरेको पाइयो । शिक्षकहरुले बिद्यार्थीले कक्षामा हल्ला गरेमा, शिक्षकले भनेको नमानेमा, गृहकार्य तथा कक्षा कार्य नगरेमा, एक आपसमा झै-झगडा गरेको अवस्थामा दण्ड वा सजाय दिने गरेको पाइयो । विद्यार्थीहरुको बानी व्यहोरा सुधार्न, अनुशासन कायम राख्न, कक्षालाई नियन्त्रितगर्न पढाइ प्रति ध्यान केन्द्रित गराउनका लागि दण्डको प्रयोग गरेको पाइन्छ । विद्यालयमा बालबालिकालाई शारीरिक दण्डको रुपमा लठ्ठी, हात, डस्टर आदिले पिट्ने, कुनै तिखो तथा पोल्ने वस्तुले घोच्ने, बेञ्चमाथि उभ्याउने, गाला पाखुरामा चिमोट्ने, उठसब गर्न लगाउने, कान निमोट्ने, रौँ उखेल्ने आलि जस्ता दण्ड दिने गरेको पाइन्छ । मानसिक दण्डहरुमा विद्यार्थीलाई होच्याएर बोल्ने, निरुत्साहित हुने गरी अपमान हुने गरी गाली गर्ने,

विभिन्न जनावरको उपमा दिने, जातीय लिङ्गिय वर्ण वा अपाङ्गका आधारमा होच्याएर बोल्ने, धम्की दिने आदि जस्ता दण्डको प्रयोग गरेको पाइयो ।

विद्यलयमा कतिपय बालबालिकाहरु अप्रत्यक्ष रुपमा शिक्षा व्यवस्थाका कारण पनि दण्डित भएका देखिन्छन् । जस्तै शिक्षण भाषाका कारण, कक्षाकोठाको उचित व्यवस्थापनको अभावका कारण, प्रयाप्त शैक्षिक सामग्रीहरुको अभावका कारण । सचेतनात्मक रुपमा दिइएको दण्डको न्यून मात्रामा भए पनि बालबालिकाको सिकाइमा सकारात्मक असर परेको छ भन्ने प्रतिक्रिया प्र.अ. तथा शिक्षकहरुको छ । दण्डले सिकाइमा थुप्रै नकारात्मक असर पुग्ने गरेको जस्तै कक्षामा कम उपस्थित हुने, सिकाइको कुरा ग्रहण गर्न नसक्ने, नजानेको सोध्न डराउने, शैक्षिक उपलब्धिमा न्यून हुँदै जाने, सृजनात्मक पक्षको विकासमा असर पुग्ने गरेको धारणा सरोकारवालाहरुको छ । बालबालिकाहरुलाई दिइने दण्ड वा सजायले विद्यालयमा तथा घरमा बेलाबेलामा विभिन्न समस्याहरु उत्पन्न गराउने गरेको पान्छ जस्तै बालबालिका शारीरिक अंगभंग हुने, अपाङ्ग हुने, हाड भाचिने जस्ता शारीरिक समस्याहरु छन् भने विद्यालय जान नमान्ने, पढाइ तथा विद्यालय प्रति वितृष्णता जाग्ने, निष्कृय रहने, रिसाउने झर्किने गुरु तथा आफूभन्दा ठूलाको आदर नगर्ने जस्ता थुप्रै समस्याहरु बालबालिकामा देखिन्छन् भने दण्डले शिक्षक विद्यार्थी विद्यालय अभिभावक बीचकको सम्बन्धमा पनि असर पार्ने जस्ता समस्याहरु उत्पन्न हुने गरेको पाइन्छ । दण्ड न्यूनीकरण गर्न प्र.अ., शिक्षक तथा अभिभावकहरुले आ-आफ्नो तर्फबाट केहि प्रयासहरु गरे पनि त्यो प्रभावकारी हुन सकेको देखिदैन । दण्ड दिनु एक अनुचित कार्य हो, यसले बालबालिकाको सर्वाङ्गिण पक्षको विकासमा असर पुऱ्याउने भएकाले यसको आवश्यकता नभएको, यसको सट्टा बालबालिकालाई फकाइ बुझाइ, पुरस्कार, स्याबासी तथा उत्साहित गरी प्रजातान्त्रिक पद्धति अनुरुप शिक्षण गर्नु पर्ने धारणाहरु सम्बन्धित सरोकारबालाहरुको रहेको पाइन्छ ।

## ५.२ निष्कर्ष

बलबालिका सर्वाङ्गिण पक्षको विकास गर्न तथा बालबालिकाहरुको अन्तरनिहित प्रतिभाको प्रस्टफुट गराउने जस्ता मुख्य उद्देश्य अनुरुप संचालन गरिएको हाम्रो शिक्षा प्रणाली भए पनि कार्यात्मक रुपमा भने त्यसो हुन सकिरहेको अवस्था छैन । शिक्षामा प्रजातान्त्रिक मूल्य मान्यता अनुरुप शिक्षा प्रदान गर्ने भनिएता पर्नि नेपालमा सामुदायिक विद्यालयमा हालसम्म पनि परमपरागत शैली मै पठनपाठन कार्य संचालन हुँदै आएको पाइन्छ । शिक्षकहरुमा उचित तालिमको अभाव, बालमनोविज्ञान सम्बन्धी जानकारीको अभावले विद्यालयमा सिकाइ वातावरण बालमैत्रीपूर्ण, तथा उत्साहजनक हुन सकेको छैन । शिक्षकहरुले निरंकुश रुपमा शिषण कार्य गर्ने गरेको पाइन्छ । उनीहरुले विद्यालयमा बालबालिकालाई कुनै न कुनै रुपमा शारीरिक तथा मनोबौज्ञानिक किसिमका दण्डहरु दिने गरेका छन् ।

विद्यालयहरुमा शिक्षकहरुद्वारा बालबालिकाहरुलाई अनुशासित बनाउन, उनीहरुमा रहेका नराम्रा बानी व्यहोरामा सुधार गर्न, अध्ययनसिल तुल्याउन तथा कक्षालाई नियन्त्रण गर्नका लागि विभिन्न अवस्थाहरुमा शारीरिक तथा मनोवैज्ञानिक दण्डहरुलाई विभिन्न रुपबाट दिने गरेको देखिन्छ । शिक्षकहरुले शिक्षणको सिलसिलामा बालबालिका माथि प्रयोग गर्ने शारीरिक सजायहरुमा लट्ठीको प्रयोग गरी कुटने, हातले शरीरका विभिन्न भागमा हान्ने, उभ्याइ रहेको, मुर्गा बनाउने, उठबस गर्न लगाउने, कान तान्ने, रौँ उखेल्ने आदि जस्ता रहेको पाइयो भने मनोवैज्ञानिक सजाय तथा दुर्व्यवहारहरुमा बालबालिका लागि होच्याएर खोल्ने, बद्मास, मुर्ख, बेइमान भनि गाली गर्ने, विभिन्न जनावरको उपमा दिई गाली गर्ने जस्तै गधा, बाँदर, कुकुर आदि, विद्यालयबाट निकाल्ने, कुट्ने भनी धम्की दिने आदि जस्ता बढी प्रयोग गरिएको पाइन्छ ।

विद्यालयमा बालबालिकालाई दिइने विभिन्न खालका दण्डले उनीहरुको सिकाइमा न्यून मात्रा सकारात्मक असर पुग्ने गरी पनि नाकारात्मक असर बढी

पर्ने धारणा सम्बन्धित सरोकारवालाहरुले व्यक्त गरेको पाइन्छ । त्यसैगरी बालबालिकाहरुलाई सजाय दिँदा विभिन्न किसिमका समस्या आएको कुरा कुरो देखिन्छ । बालबालिका विद्यालय जानै नमान्ने, विद्यालयमा बालबालिका उपस्थित न्यून हुने तथा विद्यालय छाड्ने दर बढेको, शिक्षक र विद्यार्थी बीचको सम्बन्धीमा नराम्रो असर पुग्ने, विद्यालय अभिभावक बिचको सम्बन्धमा फाटो भइ सहकार्यतामा कमी आएको तथा शिक्षण पेशाको अमर्यादित बन्दै गएको जस्ता समस्याहरु देखापर्ने धारणाहरु आएका पाइन्छन् ।

हाम्रा विद्यालयहरुमा शिक्षा व्यवस्थाका कारणा उत्पन्न हुने अप्रत्यक्ष रुपमा बालबालिकाहरु दण्डित भएको देखिन्छ यसमा जस्तै कक्षा शिक्षणको भाषा नेपाली भएमा अन्य भाषिका बालबालिकाहरु नबुझि दण्डित भएको देखिन्छ त्यस्तै उपयुक्त कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्रीहरुको अभाव जस्ता कारणले पनि विद्यार्थीहरु अप्रत्यक्ष रुपमा दण्डित भइरहेको पाइन्छ । दण्ड न्यूनीकरणका लागि प्र.अ., शिक्षक तथा अभिभावकहरुले केहि प्रयास गरे पनि सरकारी तवरबाट कुनै कार्य भएको देखिँदैन ।

दण्डका बारेमा प्र.अ., शिक्षक, विद्यार्थी एवं अभिभावक सबैले यो एक अनुचित कार्य भएको कुरामा सहमति छन् । बालबालिकाहरुको जीवन उज्यालो बनाउने विद्यालयहरुमा बालबालिकाको सर्वाङ्गिण पक्षको नराम्रो असर पुऱ्याउने खालका क्रियाकलाप कुनै पनि हालतमा गर्न नहुने कुरा बताएका छन् । बालबालिकालाई दण्डको सट्टा सम्झाइ बुझाइ फकाइ हौसला प्रदान गरी, पुरस्कारको माध्यमबाट सिकाई संचालन गर्नुपर्ने सुझावहरु पनि सबै पक्षबाट आएको पाइन्छ । त्यसैले दण्डलाई निरुत्साहित गर्न सबैले आ-आफ्नो पक्षबाट पहल गर्नुपर्ने अथवा महत्वपूर्ण भूमिका निर्वाह गर्नु आवश्यक देखिन्छ ।

## ५.३ सुझावहरु

प्राथमिक विद्यालयको कक्षा शिक्षणमा दण्डको अवस्थाको अधययन गर्ने क्रममा प्रधानाध्यापक, शिक्षक शिक्षिकाहरु, विद्यार्थीहरु र अभिभावकहरुलाई भनाई धारणा एवं प्रतितिक्रिया र प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा कक्षा अवलोकनबाट प्राप्त भएका सूचना एवं जानकारीहरुको विश्लेषण तथा व्याख्या पछिका प्राप्तिका आधारमा दण्ड न्यूनीकरण होस भन्ने हेतुले विद्यालयका प्रधानाध्यापक, शिक्षकहरु तथा अभिभावकहरु त्था सम्बन्धित सरोकारवालाहरुलाई निम्न सुझावहरु प्रस्तुत गरिन्छ :

क. दण्डले गर्दा बालबालिकाको शिक्षक प्रति नाकारात्मक धारणा विकास हुने, विद्यालय छोड्ने भएकाले यसलाई त्यागी बालकको मनोभावना बुझी शिक्षण गर्नुपर्ने ।

ख. बालबालिकालाई सिकाइप्रति आकर्षित गर्न विद्यालय रमाइलो बालमैत्रीपूर्ण वातावरणमा सिक्न सक्ने अवसर प्रदान गर्नु पर्ने ।

ग. शिक्षकले विद्यार्थीहरुका समस्या बुझेर वा के कारणले बच्चाहरु यस्तो गरिरहेका छन् भन्ने कुरा पत्ता लगाई विना दण्ड समस्याको निराकरण गर्नुपर्ने ।

घ. कक्षाकोठामा बालबालिकालाई निरंकुशता नलादी स्वतन्त्रतापूर्वक आफ्ना अवधारणा राख्न सक्ने, नजानेको सोध्न सक्ने अनुभूति दिलाउनु पर्ने ।

ङ. विद्यालयहरुमा प्रयोग गरिने दण्डलाई निरुत्साहित गर्न शिक्षकहरुलाई उचित तालिम तथा बालमनोविज्ञानको ज्ञान दिने व्यवस्था हुनु पर्ने ।

च. बालबालिकालाई दिएका दण्डहरु प्रति अभिभावकहरुका गुनासा भएकाले विद्यालयको समुदायसँग दरिलो सम्बन्ध राख्न शिक्षकले सक्रिय भएर आफ्नो शिक्षण तौर तरिका सुधार गर्नु पर्ने तथा प्रधानाध्यापकहरु सचेत हुनुपर्ने ।

छ. शिक्षा प्रणालीमै भएका कमीकमजोरीका कारणले बालबालिबाकाहरु विभिन्न रुपबाट अप्रत्यक्ष रुपमा दण्डित भइरहेका छन् यस प्रति पाठ्यक्रमविद तथा शिक्षाविद्हरुको ध्यानदिई सुधार गर्नु पर्दछ ।

ज. विद्यालयमा शिक्षकहरुले गरिरहेको शिक्षणको निरीक्षण तथा अनुगमन गर्ने व्यवस्था हुनु पर्दछ ।

झ. बालबालिकालाई सिकाइ क्रियाकलापमा बढी भन्दा बढी हौसला प्रोत्साहन गर्न धन्यवाद, पुरस्कार तथा प्रशंसा दिँदै अगाडि बढ्नु पर्ने ।

ञ. शिक्षकहरुले सजायका बैकल्पिक उपायहरु जस्तै प्रजातान्त्रिक अनुशासन तथा व्यवहार परिमार्जन प्रक्रियालाई अपनाउनु पर्दछ ।

ट. शारीरिक तथा मानसिक रुपमा गम्भिर असर पुऱ्याउने खालका दण्ड दिने शिक्षकलाईविद्यालय व्यवस्थापन समितिले विभागीय कार्वाही गर्न सिफारिस गर्न सक्ने व्यवस्था हुनु पर्दछ ।

ठ. आफ्ना बालबच्चालाई दिइने दण्ड र त्यसले पार्ने असरहरुका बारेमा अभिभावकहरु पनि सचेत हुनुपर्ने ।

ड. विद्यालयमा बालबालिकाहरुलाई दिइने शारीरिक दण्डलाई राज्यले प्रतिबन्ध लगाउनु पर्दछ ।

## सन्दर्भ सामग्रीहरु


अधिकारी, विष्णुप्रसाद (२०६३), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* काठमाडौंः आशिष बुकस हाउस ।

खनाल, पेशल (२०६४), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौंः स्टुडेन्ट बुक पब्लिशर्स ।

घिमिरे, पुण्यप्रसाद (२०६६), *अभिभावक तथ्य शिक्षकबाट बालबालिकाहरु किन दण्डित हुन्छन् ?,* लेख, स्मारिका जनक शिक्षा सामग्री केन्द्र, भक्तपुर ।

*नेपाल अधिराज्यको संविधान २०४७ र* नेपालको अन्तरिम संविधान २०६३ ।

पौडेल, लेखनाथ (२०५९), *नेपालमा शिक्षाको विकास,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

प्रधान, गौरी (२०५९), *के विद्यालय यातना शिविर हुन् ?* शिक्षा पत्रिका, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

*बालबालिका सम्बन्धी ऐन* २०४८ एवं नियमावली २०५ज्ञ (संशोधन सहित), महिला तथा बालबालिका मन्त्रालय, काठमाण्डौं ।

*राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९),* काठमाडौं : शिक्षा मन्त्रालय ।

वस्तोला, भेषराज (२०६३), *प्राथमिक शिक्षक तालिमले सिकाइमा पारेको प्रभाव,* शोधपत्र त्रि.वि.वि. क्याम्पस, कीर्तिपुर ।

सिविन नेपाल, विद्यालयमा बालबालिकालाई दिएका दण्ड सम्बन्धि घटना संग्रहित फाइल शैक्षिक सत्र २०६५ र २०६६ ।

सुब्बा, रोशना (२०६६), *बालबालिकालाई सजाय,* लेख कान्तिपुर दैनिक २०६६ असार ज्ञज्ञ गते विहीवार ।

शर्मा, गोपीनाथ (२०५७), *नेपालको शैक्षिक इतिहास,* काठमाडौं : लुम्बिनी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जिवी र शर्मा, निर्मला (२०६३), *शिक्षा मनोविज्ञान,* काठमाडौं : एम.के. पब्लिसर्स ।

शिक्षा ऐन, २०२८ (संशोधन समेत) एवं शिक्षा नियमावली, २०५९ (संशोधन सहित), काठमाडौं : आशिष पुस्तक भण्डार ।

शैक्षिक जनशक्ति विकास केन्द्र र Save the Children (२०६४), *सजाय रहित शिक्षण सिकाइ तरिका,* सानोठिमी, भक्तपुर, शिक्षक स्रोत सामग्री

Best, J.W. and Khan, J.V. (1995), *Research in Educaiton*, New DelhiM Prentice Hall of India Prv. Ltd.

Bhandari, Neha (2006), *Working Against Physical and Degrading/Humiliating Punishment*, Sundhara, Kathmandu, Save the Children.

CHRID (1999), *A Study on dropout in Primary Education*, CERID, Kathmandu, A Research Report.

Chauhan, S.S. (1996), *Advanced Educational Psychology*, New Delhi: vikas Prakashan House.

MS Isabelle (1998), *Learning to teach through fun*, CERID, Kathmandu, A Research Report.

Ravi, Karkara (2006), Working against child sexual abuse, Kathmandu: Save the Children.

Save the Children (2007), *Prositive Displine Techniques*, Kathamandu: A Published Report.

Save the Children, *Voices Against Voilence,* Sundhara Kathmandu, Action Report.

# सार्वजनिक विद्यालयको कक्षा शिक्षणका दण्डको स्थिती

### *अनुसूची 1*

### छनोटमा परेका विद्यालय तथा प्रमुख सूचना दाताहरु

१. श्री वजरंग प्राथमिक विद्यालय मलहनीया सिरहा

प्र.अ.- राम कुमार यादव

शिक्षक- महि नारायण चौधरी

शिक्षिका - सावित्री साह

| विद्यार्थीहरु | अभिभावकहरु |
|---|---|
| नवीन चौधरी | संजय चौधरी |
| कविता साह | विष्णुबहादुर साह |
| सरद विश्वकर्मा | समसेर विश्वकर्मा |
| रमा चौधरी | कृष्णराम चौधरी |

२. श्री राष्ट्रिय प्राथमिक विद्यालय मनठाही, सिरहा

प्र.अ.- केदार चौधरी

शिक्षक- शंकर साह

शिक्षिका - कल्पना चौधरी

| विद्यार्थीहरु | अभिभावकहरु |
|---|---|
| प्रदिप चौधरी | टेकराज चौधरी |
| अनुका मण्डल | राजु मण्डल |
| प्रेम चौधरी | तिलक चौधरी |
| पुजा इसर | सुनिता इसर |

३. श्री जनता राष्ट्रिय प्राथमिक विद्यालय फुलवरीया, सिरहा

प्र.अ.- हिरालाल साह

शिक्षक- संजय चौधरी

शिक्षिका - अनिता चौधरी

| विद्यार्थीहरु | अभिभावकहरु |
|---|---|
| सुमन चौधरी | रुपलाल चौधरी |

| | |
|---|---|
| आरती भगत | नन्दकिशोर भगत |
| सुजन चौधरी | अनुपलाल चौधरी |
| संतोष साह | रामदेव साह |

# सार्वजनिक विद्यालयको कक्षा शिक्षणका दण्डको स्थिती

### *अनुसूची २*

### प्रधानाध्यापकका लागि निर्माण गरिएको अन्तर्वाता प्रश्नावली

विद्यालयको नाम :

प्र.अ.को नाम :

१. तपाईको विद्यालयमा जम्मा विद्यार्थी संख्या कति छ ? छात्र कति र छात्रा कति जना छन् ?

२. विद्यालयमा विद्यार्थीहरुको उपस्थिति दैनिक कति हुन्छ ?

३. तपाईले शिक्षकहरुको कक्षाको अनुगमन गर्नु भएको छ/छैन ?

४. तपाई शिक्षकहरुको शिक्षण क्रियाकलाप प्रति सन्तुष्ट हुनु हुन्छ कि हुनुहुँदैन ? किन ?

५. शिक्षकहरुले कक्षामा दण्डको प्रयोग गर्नुहुन्छ कि हुँदैन ?

६. शिक्षकहरुले विद्यार्थीहरुलाई कुन अवस्थामा दण्डको प्रयोग गरेको देख्नु भएको छ ?

७. तपाईको विद्यालयमा शिक्षकहरुले प्रयोग गर्दै आएका दण्डहरु के कस्ता हुन्छन् ?

८. दण्डको प्रयोगले विद्यार्थीको व्यवहारमा सुधार भएको पाइएको छ कि छैन ?

९. दण्डको प्रयोगले विद्यार्थीहरुको सिकाईमा कस्तो असर पारेको छ ?

१०. शिक्षकले दण्ड दिँदा विद्यार्थीहरुले तपाईसँग गुनासो गर्छन कि गर्दैन र गर्छन् भने कसरी र गर्दैन भने किन ?

११. विद्यालयमा बालबालिकाहरुलाई दण्ड दिनु आवश्यक छ ?

१२. विद्यार्थीलाई दण्ड दिँदा अभिभावकबाट आउने गुनासोहरु के कस्ता हुन्छन् ?

१३. विदार्थीलाई दण्ड दिँदा उत्पन्न भएका समस्याहरु के के छन् ?

१४. दण्ड सम्बन्धी तपाईले शिक्षकहरुलाई दण्डका बारे केही सुझाव तथा निर्देशन दिनु हुन्छ कि हुँदैन र दिनु हुन्छ भने के सुझाव दिनु हुन्छ ?

१५. दण्डलाई निरुत्साहित गर्न तपाईले गर्नु भएका प्रयासहरु के के छन् ? भविष्यमा सुधारका लागि के प्रयास गर्नु हुन्छ ?

१६. दण्ड प्रति तपाईको के धारणा छ ?

# सार्वजनिक विद्यालयको कक्षा शिक्षणका दण्डको स्थिती

### *अनुसूची ३*

### विद्यार्थीका लागि निर्माण गरिएको अन्तर्वाता प्रश्नावली

विद्यालयको नाम :

विद्यार्थीको नाम :

१. तिमीलाई विद्यालय आउन मन पर्छ कि पर्दैन ? र किन ?

२. तिमीलाई हेडसर र शिक्षकहरुसँग भेट हुँदा डर लाग्छ कि लाग्दैन ? डर लाग्छ भने किन ?

३. तिमीलाई कुन शिक्षक सबभन्दा राम्रो लाग्छ ? र किन राम्रो लाग्छ ?

४. तिमीलाई कुन शिक्षक सबभन्दा नराम्रो लाग्छ ? के कारणले नराम्रो लाग्छ ?

५. शिक्षकले कक्षामा पढाउँदा हल्ला हुन्छ कि हुँदैन ? किन ?

६. कक्षामा हल्ला हुँदा शिक्षकले के गर्नुहुन्छ ?

७. शिक्षकले कक्षामा प्रश्न सोध्नु हुन्छ कि हुँदैन ? प्रश्न सोध्दा उत्तर नजाने के गर्नुहुन्छ ?

८. शिक्षकले गृहकार्य दिनु हुन्छ कि हुँदैन ? र गृहकार्य नगर्नेलाइ्र के गर्नुहुन्छ ?

९. शिक्षकले तिमीलाई कहिल्यै पिट्नु भएको छ ? छ भने किन पिटेका हुन् ?

१०. कक्षामा नजान्ने विद्यार्थीहरुलाई शिक्षकले के के भनेर गाली गर्नुहुन्छ र कसरी पिट्नु हुन्छ ?

११. पिट्ने शिक्षकलाइ्र नजानेको कुरा सोध्न सक्छौ कि सक्दैनौ ? सक्दैनौ भने किन ?

१२. विद्यालय नआउँदा शिक्षकले र हेडसरले के गर्नु हुन्छ ?

१३. विद्यालय समयमा घुमिरहेको देख्दा शिक्षक र हेडसरले के गर्नुहुन्छ ?

१४. कक्षामा पढाउँदा सर पिट्नु, गाली गर्नु राम्रो कुरो हो कि होइन ?

१५. शिक्षकहरुले कसरी पढाउँदा तिमीलाई रमाइलो लाग्छ ?

# सार्वजनिक विद्यालयको कक्षा शिक्षणका दण्डको स्थिती

*अनुसूची ४*

**अभिभावकको लागि निर्माण गरिएको अन्तर्वार्ता प्रश्नावली**

विद्यालयको नाम :

अभिभावकको नाम :

१. तपाईका छोराछोरी विद्यालय जान कतिको पन पराउँछन् ?

२. यदि विद्यालय जान मन पराउँछन्/पराउँदैनन् भने किन ?

३. विद्यालयबाट फर्किसकेपछि बालबालिकाहरु के गर्छन् ?

४. बालबालिकाले विद्यालका शिक्षकका बारेमा केही राम्रो कुरा भनेको सुन्नु भएको छ ?

५. बालबालिकाहरुले विद्यालयका शिक्षकलाइ गाली गरेको सुन्नु भएको छ ?

६. बालबालिकाहरुले शिक्षकले दिएका के के सजाय तपाईलाई बताएका छन् कि छैनन् ?

७. बालबालिकाहरुलाई विद्यालयमा कस्ता प्रकारका शारीरिक सजाय दिएको पाइन्छ ?

८. शारीरिक सजायले बालबालिकाहरुलाई पुऱ्याएको असर के कस्ता छन् ?

९. बालबालिकाहरुलाई विद्यालयमा कस्ता प्रकारका मानसिक सजाय दिएको पाइन्छ ? त्यसको कस्तो असर परेको देख्नु हुन्छ ?

१०. तपाईको छोराछोरीलाई दण्ड गरेपछि विद्यालयमा गएर गुनासा पोख्नु हुन्छ ? र क-कसलाई भन्नु हुन्छ ?

११. के बालबालिकाहरु द्यण्डको कारणले विदालय जान नमान्ने तथा पढाइ नै छाडेको स्थिति देख्नु भएको छ ? छ भने कस्तो प्रकारको छ ?

१२. घरमा फकाएर वा हप्काएर कुन माध्यमबाट बालबालिकाहरु पढ्न बढी मन्जुर भएका देखिन्छन् ? किन ?

१३. विद्यायमा बालबालिकालाई दण्ड दिनु आवश्यक छ, किन ?

# सार्वजनिक विद्यालयको कक्षा शिक्षणका दण्डको स्थिती

*अनुसूची ५*

**शिक्षकहरुका लागि खुल्ला प्रश्नावली**

विद्यालयको नाम :

शिक्षकको नाम :

१. तपाईले कक्षाकोठा प्रवेश गर्दा विद्यार्थीहरुले के के गरिरहेका देख्नु हुन्छ ?

२. तपाई कक्षामा पढाइ सुरु गर्नु अगाडि के गर्नु हुन्छ ?

३. तपाईको कक्षामा विद्यार्थीले हल्ला गर्छन् कि गर्दैन ? किन ?

४. कक्षामा विद्यार्थीहरुले हल्ला गरेमा, पढाइमा ध्यान नदिएमा, गृहकार्य तथा कक्षाकार्य नगरेमा के गर्नुहुन्छ ?

५. तपाईले विद्यार्थीहरुलाई कुन कुन अवस्थामा दण्ड दिनु हुन्छ ?

६. तपाईले केटाकेटीहरुलाई कस्ता कस्ता शारीरिक दण्ड दिनु हुन्छ ?

७. तपाईले केटा केटीहरुलाई कस्ता कस्ता मानसिक दण्ड दिनुहुन्छ ?

८. विद्यार्थीहरुलाई दण्ड दिँदा उनीहरुको कस्तो प्रतिक्रिया हुन्छ ?

९. दण्ड दिए पछि विद्यार्थीहरुमा सुधार भएको देख्नु भएको छ कि छैन ?

१०. दण्डले विद्यार्थीको सिकाइमा कस्तो प्रभाव पारेको देख्नु हुन्छ ?

११. तपाईले विद्यार्थीलाई दण्ड दिइसकेपछि गल्ति गरेको महसुस गर्नु हुन्छ कि हुदैन र किन ?

१२. दण्ड दिँदा विद्यार्थीका अभिभावकहरुले तपाईलाई गुनासो गर्नु हुन्छ कि हुँदैन ?

१३. तपाईको विचारमा दण्डले बालबालिकामा कस्तो शारीरिक र मानसिक असरहरु परेको देख्नु भएको छ ?

१४. विद्यार्थीलाई दण्ड दिँदा तपाईले भोग्नु परेका समस्याहरु के के छन् ?

१५. विद्यालयमा बालबालिकाहरुलाई दण्ड दिनु आवश्यक छ, किन ?

*अनुसूची ६*

## कक्षा शिक्षण अवलोकन फाराम

विद्यालयको नाम :

कक्षा :

शिक्षकको नाम :

विषय :

**अवलोकित विषयवस्तु र अनुसन्धानकर्ताको प्रतिक्रिया**

१. कक्षामा प्रवेश गरे पछि शिक्षकको व्यवहार

क) हँसिलो चेहेरा

ख) निन्याउरो चेहरा

ग) बोलीको नम्रता

घ) बोलीको खरोपना

ङ) विद्यार्थी प्रतिको माया, स्नेह

च) विद्यार्थीप्रतिको दमनात्मक व्यवहार

छ) विद्यार्थी स्वतन्त्रता

२. कक्षाकार्य/गृहकार्य

क) जाँचे नजाँचेको

ख) जाँचेकापछि शिक्षकको प्रतिक्रिया

ग) कक्षाकार्य/गृहकार्य नगर्ने विद्यार्थी प्रति शिक्षकको व्यवहार

घ) कक्षाकार्य/गृहकार्य गर्ने विद्यार्थी प्रति शिक्षकको व्यवहार

३. कस्तो कस्तो अवस्थामा शिक्षले दण्ड दिनुहुन्छ ?

क) कक्षाकोठा शिक्षणमा

ख) गृहकार्य

ग) अनियमितता

घ) अनुशासनहिन कार्य

४. दण्डको प्रकार

क) पिट्ने, गाली गर्ने

ख) तर्साउने

ग) उठबस गराउने, उभ्याउने

घ) अन्य

५. कक्षाकोठामा शिक्षकले स्थापित गर्न सकेको शैक्षिक वातावरणको स्थिति

क) नियन्त्रित

ख) दमनात्मक

ग) प्रजातान्त्रिक

घ) अन्य

६. विद्यार्थीको सहभागिता

क) सक्रिय

ख) निष्कृय

७. सकृय गराउने उत्प्रेरकको प्रकार

क) दण्ड

ख) पुरस्कार

८. शिक्षकले प्रश्न सोध्दाको विद्यार्थीको स्थिति

क) डराउने-अकमकिने

ख) खुसी भएको-हतोत्साही

९. प्रश्नको उत्तर सही आएपछिको शिक्षकको व्यवहार

क) हौसला

ख) सुधारात्मक

१०. उत्तम गलत आउँदाको शिक्षकको व्यवहार

क) नकारात्मक

ख) सुधारात्मक

११. कक्षामा हल्ला गर्दाको शिक्षकको व्यवहार

क) समस्या बुझी उपचार

ख) दमनात्मक सोझै दमन

ग) अन्य

१२. कमजोर विद्यार्थी प्रतिको शिक्षकको व्यवहार

क) बढी सक्रियता

ख) बेमतलब

१३. विद्यार्थीको शिक्षक प्रतिको दृष्टिकोण

क) नकारात्मक

ख) सकारात्मक

१४. दण्ड दिँदाको विद्यार्थीको स्थिति

क) सचेत

ख) क्रुध

ग) प्रतिआक्रमण

१५. पुरस्कार दिँदाको विद्यार्थीको स्थिति

क) खुसी

ख) उत्साही

१६. विद्यार्थीलाई दिएको शारीरिक दण्ड

१७. विद्यार्थीलाई दिएको मानसिक दण्ड